# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानव जीवनको अमूल्य सम्पत्ति हो । भाषाको माध्यमबाट नै व्यक्तिले एक आपसमा आफ्ना विचारहरू आदानप्रदान गर्दछन् । त्यसैले भाषा विचार विनिमयको एक सशक्त माध्यम हो । भाषा आर्जन गर्नु भनेको भाषाका बारेमा जान्नु हो । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार वटा सिपहरू हुन्छन् । सुनाइ र पढाइ आदानात्मक वा ग्रहणात्मक सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिगत वा प्रदानात्मक सिप हुन् । त्यसैले सुनाइ र बोलाइ मौखिक सिप हुन् भने पढाइ र लेखाइ लिप्यात्मक सिप हुन् (पौडेल, २०७० : ३०) । भाषाको प्रयोग समाजमा गरिन्छ । भाषाका माध्यमबाट नै समाजमा हुने सम्पूर्ण क्रियाकलापहरू सम्पन्न हुन्छन् । समाजका विभिन्न क्रियाकलाप, घटना, कार्यक्रम, उत्सव तथा चाडपर्वहरूमा एक व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थालाई शुभकामना आदानप्रदान गर्ने परम्परा रहेको छ । कुनै विशेष पर्व, साथी, नातेदारले प्राप्त गरेको उपलब्धि, खुसियाली एवम् नयाँवर्ष वा कुनै विशेष अवसरमा साथीसंगती वा इष्टमित्रहरूलाई कल्याण चिताई शुभकामना दिने वा पठाइने प्रचलन हरेक समाजमा रहेको छ । शुभकामना एक व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थालाई प्रदान गरिन्छ । शुभकामना मौखिक र लिखित गरी दुई प्रकृतिको प्रदान गरिन्छ । मौखिक वा लिखित जुनसुकै रूपले शुभकामना आदानप्रदान गर्न सिकाउनु भनेको भाषिक सिप सिकाउनु हो । भाषिक सिप विकासका लागि शिक्षण गराइने विभिन्न साहित्यिक विधाहरूमध्ये पत्र रचनाअन्तर्गत पर्ने शुभकामना लेखनबाट पनि विद्यार्थीहरूमा लेखाइ सिप वा अभिव्यक्ति पक्षको विकास गराउन सकिन्छ । व्यावहारिक लेखन सिप विकासका लागि शुभकामना लेखन शिक्षणको महत्त्व रहेको पाइन्छ ।

आफ्ना इष्टमित्र, शुभचिन्तक तथा साथीभाइहरूलाई विशेष सन्दर्भ वा अवसरमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै दिइने, पठाउने वा व्यक्त गरिने सन्देशलाई शुभकामना भनिन्छ (गौतम, भण्डारी र ओझा, २०६९ : ४१३) । यस्तो शुभकामना वैयक्तिक र सार्वजनिक रूपले दिन सकिन्छ । भाषाको प्रचीन रूप कथ्य हो तर

पनि शैक्षिक तथा प्रशासनिक कार्यमा भाषाको लेख्य रूपले बढी प्राथमिकता पाएको छ । कक्षा एघारमा शुभकामना लेखन शिक्षण गराइनुको मुख्य उद्देश्य वा प्रयोजन विद्यार्थीहरूमा अभिव्यक्ति क्षमताको विकासका साथै व्यावहारिक लेखन सिपको विकास गर्नु रहेको छ । कक्षा एघारमा व्यावहारिक लेखनअन्तर्गत यस तहको पाठ्यक्रमले समवेदना, श्रद्धाञ्जली, बधाई, शुभकामना लेखनलाई समावेश गरिएको छ । यसको शिक्षणले विद्यार्थीहरूमा व्यावहारिक लेखनसँगै अभिव्यक्ति क्षमताको विकास हुने पाइन्छ । लेखाइ सिपको विकास गर्नका लागि शुभकामना लेखन पनि एक महत्त्वपूर्ण कार्य हो । यसका कारणले विद्यार्थीहरूमा व्यावहारिक लेखन सिपको विकास भएको पाइन्छ । शुभकामना लेखनले विद्यार्थीहरूको लेखाइ सिपलाई अझ बढी परिष्कृत र परिमार्जित गर्न सहयोग गर्दछ । शुभकामना लेखन कार्यले विद्यार्थीहरूमा अभिव्यक्ति क्षमताका लागि व्यावहारिक लेखन सिपको विकास गराउँदछ । उल्लिखित कुरालाई ध्यानमा राखी दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता कस्तो छ, विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमता कस्तो छ, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा शुभकामना लेखन क्षमताको अवस्था के कस्तो रहेको छ भनी अध्ययन गर्न खोजिएको छ ।

## १.२ समस्याकथन

लेखन सिप विकासका लागि विभिन्न किसिमका लेखन अभ्यास गराइन्छ । निवेदन, कथा, निबन्ध, शुभकामना, निमन्त्रणा, विज्ञापन आदि लेखन सिप विकासका लागि अपनाइने क्रियाकलापहरू हुन् । व्यावहारिक लेखनअन्तर्गत पर्ने शुभकामना लेखनको अभ्यासले पनि विद्यार्थीहरूमा लेखन सिप विकास हुन्छ । दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता नै यस अध्ययनको मुख्य समस्या रहेकाले उक्त समस्या समाधानका लागि निम्नलिखित शोधप्रश्नको उपयोग गरिएको छ :

(क) दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता के कस्तो रहेको छ ?

(ख) लैङ्गिक आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थिति के कस्तो रहेको छ ?

(ग) भाषिक पृष्ठभूमिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थिति के-कस्तो रहेको छ ?

(घ) विद्यालय प्रकृतिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थिति के-कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

उपर्युक्त शोधप्रश्न समाधानका लागि यस शोधकार्यमा निम्न उद्देश्यहरू निर्धारण गरिएको छ :

(क) दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पत्ता लगाउनु,

(ख) लैङ्गिक आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थिति पहिचान गर्नु,

(ग) भाषिक पृष्ठभूमिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पत्ता लगाउनु,

(घ) विद्यालय प्रकृतिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण गर्नु ।

## १.४ सान्दर्भिकता र उपादेयता

कुनै पनि व्यक्तिले आफ्नो कुरा कसरी अभिव्यक्त गर्दछ भन्ने कुरा लेखाइ सिप परीक्षणबाट मात्रै स्पष्ट हुन्छ । शुभकामनालाई अरूको भलाइको चाहना व्यक्त गर्ने सन्दर्भमा प्रयोग गरिएको पाइन्छ । शुभकामना मौखिक र लिखित दुवै तरिकाबाट दिन सकिन्छ । शुभकामना दिँदा व्यक्ति भाषाका बोलाइ र लेखाइ सिपमा दक्ष हुनुपर्छ । यस अध्ययनबाट विद्यार्थीहरूको शुभकामना लेखन क्षमता कस्तो रहेको छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ । कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पहिचान गरी सोही अनुसार कार्यकलाप सञ्चालन गर्न यस अध्ययनले मद्दत पुऱ्याउँछ । यस अध्ययनले भाषिक सिप विकास तथा भाषा शिक्षणका क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्छ । शुभकामना लेखनलाई विधाको रूपमा स्थापित गर्न लागेको परिप्रेक्ष्यमा हालसम्म शुभकामना

लेखनसम्बन्धी त्यति अध्ययन नभएकाले यस अध्ययनको सान्दर्भिकता रहेको छ । यस शोधकार्यले विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पहिचान गरी कक्षा शिक्षणलाई अगाडि बढाउन मद्दत पुऱ्याउँछ । पहिचान गरिएको क्षमताका आधारमा आवश्यक सुझाबहरू प्रस्तुत गरिने हुँदा यसको बढी महत्त्व रहेको देखिन्छ । आगामी दिनहरूमा शुभकामना लेखनसँग सम्बन्धित भई अनुसन्धान गर्ने शोधार्थीहरूका लागि पनि यस शोधकार्य उपयोगी देखिन्छ । यसर्थ यो अध्ययन पाठ्यक्रम, पाठ्पुस्तक, सामग्री निर्माण, शिक्षण प्रक्रिया र पद्धतिलाई समय सापेक्ष परिमार्जित गर्दै लैजान तथा भाषिक क्षमता सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहने अध्येताहरूलाई मार्गदर्शक बन्ने हुनाले यस अध्ययन सान्दर्भिक रहेको छ ।

## १.५ शोधको सीमा

यस शोधकार्यलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) यस अध्ययनमा दाङ जिल्लाको लमही नगरपालिका र तुलसीपुर उपमहानगरपालिकाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमतामा मात्र सीमित गरिएको छ ।

(ख) विद्यालय प्रकृतिका आधारमा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीहरूलाई मात्र समावेश गरिएको छ ।

(ग) लैङ्गिक आधारमा १० वटा विद्यालयका प्रत्येक विद्यालयबाट ५ जना छात्रा र ५ जना छात्र गरी १०० जना विद्यार्थीहरूमा मात्र सीमित गरिएको छ ।

(घ) भाषिक पृष्ठभूमिका आधारमा १० वटा विद्यालयका नेपाली पहिलो भाषी ५० जना र नेपाली दोस्रो भाषी ५० जना गरी १०० विद्यार्थीहरूमा मात्र सीमित गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन

अध्याय पाँच : लैङ्गिक आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन

अध्याय छ : भाषिक पृष्ठभूमिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन

अध्याय सात : विद्यालय प्रकृतिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानको सिलसिलामा सम्बन्धित विषयमा यस अघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्न लागेको अनुसन्धानलाई प्रभावपूर्ण र उद्देश्यमूलक बनाई सही गोरेटोमा हिँडाउन प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्वअध्ययनको भूमिका रहन्छ । यसले सम्बन्धित विषयमा के कति अध्ययन अनुसन्धान भएका छन् र के कति हुन बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्दछ । साथै पूर्वकार्यको समीक्षाले अनुसन्धान कार्यलाई पुनरावृत्ति हुनबाट पनि जोगाउँछ । यस शोधपत्र तयार पार्नका लागि गरिएका पूर्वकार्यको पुनरावलोकनहरूलाई पुस्तक समीक्षा र शोध समीक्षा गरी भिन्दा भिन्दै रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

पोखरेल (सम्पा.) (२०४०) द्वारा प्रकाशित *नेपाली बृहत् शब्दकोश*मा शुभकामनाको अर्थ दिइएको पाइन्छ । यसमा शुभकामनालाई भलाइको चाहना, शुभेच्छा, कुनै विशेष पर्व वा अवसरमा साथीसंगती वा इष्टमित्रहरूलाई कल्याण चिताई दिइने वा पठाइने सन्देशका रूपमा अर्थ्याइएको पाइन्छ । यस शब्दकोशमा शुभकामना शब्दको अर्थ र परिभाषा दिइएकाले यस अध्ययनका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

आचार्य (२०५८) द्वारा लिखित *आधारभूत नेपाली व्याकरण तथा रचना* पुस्तकमा शुभकामनाको बारेमा चर्चा गरिएको छ । शुभकामनापत्र भनेको कसैको उन्नति, प्रगति वा खुसीयालीमा पठाइने पत्रको रूपमा प्रस्तुत गरिएको छ । यस्तो पत्र व्यक्तिगत रूपमा पनि पठाउन सकिन्छ र सार्वजनिक सञ्चार माध्यममा प्रकाशित गर्न पनि सकिन्छ । शुभकामनापत्रको दुई प्रकारको (वैयक्तिक र सार्वजनिक) चर्चाका साथै नमुना पनि प्रस्तुत गरिएको छ । यस पुस्तकले अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न तथा अनुसन्धान कार्यलाई अगाडि बढाउन मद्दत गरेको छ ।

अधिकारी र भट्टराई (२०६१) द्वारा सम्पादित *प्रयोगात्मक नेपाली शब्दकोशमा* शुभकामना शब्द शुभ र कामना को योगबाट बनेको तत्सम शब्दको रूपमा प्रस्तुत गरिएको पाइन्छ । यसमा शुभकामनाको अर्थ अरूको भलाइको चाहना वा शुभेच्छा भनी प्रस्तुत गरिएको पाइन्छ । साथै कुनै असल कार्यको आरम्भ, जन्मोत्सव, जन्मजयन्ती, विशेष पर्व वा उत्सव आदिको उपलक्ष्यमा दिइने मङ्गलको सन्देशको रूपमा शुभकामनालाई अर्थ्याइएको पाइन्छ । यस शब्दकोशमा शुभकामना शब्दको निर्माण प्रक्रिया, स्रोत, अर्थ र परिभाषा प्रस्तुत गरिएकाले यस अध्ययनका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न आधार पुऱ्याएको छ ।

भट्टराई र नेपाल (२०६८) द्वारा लिखित *व्यावहारिक लेखन* पुस्तकमा शुभकामनाको बारेमा चर्चा गरिएको छ । कुनै सांस्कृतिक चाडपर्व, महोत्सव आदिका साथै व्यक्ति वा संस्थाले गरेको नयाँ काम वा प्राप्त सफलतामा थप हौसला प्रदान गर्न शुभचिन्तक व्यक्ति र संस्थाहरूबाट दिइने प्रशंसात्मक सद्भावलाई शुभकामना भनी उल्लेख गरिएको छ । साथै यस पुस्तकमा शुभकामनाको भाषाशैली हौसला प्रदान गर्ने खालको हुनुपर्छ भनी उल्लेख गरिएको छ । यस पुस्तकमा शुभकामनाको परिचय, नमुना, भाषाशैलीको चर्चा गरिएकाले यस अध्यययनका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गरेको छ ।

गौतम, भण्डारी र ओझा (२०६९) द्वारा लिखित *स्नातक नेपाली* पुस्तकमा शुभकामनाको बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा आफ्ना इष्टमित्र, शुभचिन्तक तथा साथीभाइलाई विशेष सन्दर्भ वा अवसरमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै दिइने, पठाइने वा व्यक्त गरिने सन्देशलाई शुभकामना भनी अर्थ्याइएको पाइन्छ । साथै कुनै व्यक्तिका जन्मदिनको अवसरमा प्रदान गरिने शुभकामना वैयक्तिक शुभकामना र दसैं, तिहार, छठ, नयाँवर्ष जस्ता चाडपर्वमा दिइने शुभकामनालाई सार्वजनिक शुभकामना भनी शुभकामनालाई दुई भागमा विभाजन गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनाको एउटा नमुना प्रस्तुत गरिएको छ । यस पुस्तकमा शुभकामनाको परिचय, प्रकार तथा नमुना प्रस्तुत गरिएकाले यस अध्ययनका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

घिमिरे (२०७२) द्वारा लिखित *स्नातक अनिवार्य नेपाली* पुस्तकमा शुभकामनाको बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा कुनै व्यक्ति वा संस्थाको जन्मदिन, विशेष पर्व, चाडवाड वा जन्मोत्सब, भोजभतेर, विवाह, ब्रतबन्ध आदिमा व्यक्ति वा संस्थाका तर्फबाट व्यक्तिगत वा सार्वजनिक रूपमा प्रगति, समृद्धि र सुस्वास्थ्यको कामना गरी लेखिने सन्देशलाई शुभकामना भनी परिभाषित गरिएको छ । यस पुस्तकमा शुभकामना व्यक्तिगत र सार्वजनिक गरी दुई प्रकारका रहने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा शुभकामनाको परिचय, प्रकार तथा नमुना प्रस्तुत गरिएकाले यस अध्ययनका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न विशेष भूमिका खेलेको छ ।

सुवेदी, पौड्याल र तिवारी (२०७२) द्वारा लिखित *अनिवार्य नेपाली* पुस्तकमा शुभकामना र यसको लेखन प्रक्रियाका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा कुनै विशेष उत्सव, चाडपर्व, नयाँवर्ष, जन्मदिन, वर्षप्रवेश, वार्षिकोत्सव आदि अवसरमा सुख, शान्ति एवम् उत्तरोत्तर प्रगतिको कामना व्यक्त गरिने सद्भावपत्रका रूपमा अर्थ्याइएको पाइन्छ । साथै यस पुस्तकमा शुभकामनापत्र लेखनका लागि यसलाई विभिन्न भागमा विभाजन गरी यसको ढाँचाको बारेमा चर्चा गरिएको छ । यसमा शुभकामना पत्रलाई आदि, मध्य र अन्त्य गरी विभाजन गरिएको छ र यस पुस्तकमा शुभकामना पत्रको ढाँचाका रूपमा तिन प्रकृतिका शुभकामनापत्र उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यस पुस्तकमा शुभकामनाको परिचय, प्रकार तथा ढाँचा प्रस्तुत गरिएकाले यस अध्ययनका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

निरौला र निरौला (२०७३) द्वारा लिखित *अनिवार्य नेपाली* पुस्तकमा शुभकामना लेखन र यसको नमुना प्रस्तुत गरिएको पाइन्छ । सुख, शान्ति, समृद्धि र मङ्गलमय कामना गर्दै लेखिने सन्देश शुभकामना हो भनी अर्थ्याइएको पाइन्छ । यस पुस्तकमा शुभकामनालाई विशिष्ट किसिमको कार्ड छपाएर पत्रिकाद्वारा छाप्न लगाएर अथवा सञ्चार माध्यमहरूबाट सम्प्रेषण गर्न लगाएर शुभकामना दिन सकिन्छ भनिएको छ । यस पुस्तकमा शुभकामनाको परिचय, प्रकार तथा नमुना प्रस्तुत गरिएकाले यस अध्ययनका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न मद्दत गरेको छ ।

### २.१.२ शोधसमीक्षा

निरौला (२०५९) द्वारा *कक्षा ९ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधमा कक्षा ९ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पत्ता लगाउनु, आङ्गिक र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको तुलना गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु, उक्त कक्षा पूरा गरेका विद्यार्थीहरूमा निबन्ध लेखनसम्बन्धी कमीकमजोरी पत्ता लगाउनु जस्ता उद्देश्यहरू निर्धारण गरिएको छ । यसमा शोधार्थीले शोधकार्य गर्न क्षेत्रीय अध्ययन विधिको प्रयोग गरेको पाइन्छ । आङ्गिक र निजी ५/५ वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । प्रस्तुत शोधपत्रमा आङ्गिक विद्यालयका तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता न्यून रहेको, विमातृभाषी विद्यार्थीहरूभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता केही राम्रो रहेको र लैङ्गिक आधारमा छात्राको तुलनामा छात्रको निबन्ध लेखन क्षमता केही सन्तोषजनक रहेको जस्ता निष्कर्षहरू समावेश गरेको देखिन्छ । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक पक्षको जानकारी प्राप्त भएको छ ।

खतिवडा (२०६४) द्वारा *कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधकार्य उदयपुर जिल्लाको कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता पत्ता लगाउनु, आङ्गिक तथा निजी विद्यालयमा अध्ययनरत मातृभाषी र विमातृभाषी छात्रछात्राहरूको चिठी तथा निवेदनलेखन क्षमताको तुलना गर्नु, विद्यार्थीहरूमा चिठी तथा निवेदन लेखनसम्बन्धी कमजोरी पत्ता लगाउनु जस्ता उद्देश्यहरू निर्धारण गरिएको छ । शोधकर्ताले उक्त शोधकार्यमा सर्वेक्षण विधिलाई अध्ययनको प्रमुख विधि बनाइएको पाइन्छ । सामुदायिक र निजी पाँच/पाँच वटा विद्यालयका १०० जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ । उदयपुर जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता सामान्य रहेको, सामुदायिक विद्यालयभन्दा निजी विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको र मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरू

बिचको उक्त क्षमता समान रहेको जस्ता निष्कर्षहरू निकालिएको छ । यो अनुसन्धान व्यावहारिक लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले शुभकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याएको छ ।

जोशी (२०६६) द्वारा *कक्षा ८ अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता पहिचान गर्नु, सामुदायिक तथा निजी विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरू निर्धारण गरिएको छ । यस शोधपत्रमा शोधकर्ताले नमुना सर्वेक्षण विधिको प्रयोगबाट अध्ययन विश्लेषण गरिएको पाइन्छ । सामुदायिक र निजी पाँच/पाँच वटा विद्यालयका १०० जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक रहेको, सामुदायिक विद्यालयभन्दा निजी विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको, दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक रहेको र लैङ्गिक आधारमा छात्राको तुलनामा छात्र केही मात्रामा सक्षम रहेको निष्कर्ष निकालिएको छ । यो अनुसन्धान लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले शुभकामना लेखन क्षमताको अनुसन्धानका लागि मद्दत पुऱ्याएको छ ।

ढकाल (२०६६) द्वारा *कक्षा ३ का विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु, आङ्गिक तथा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता पहिचान गर्नु, छात्र र छात्रा बिचको पठनबोध क्षमता पत्ता लगाउनु, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता पत्ता लगाउनु जस्ता उद्देश्यहरू तय गरिएको पाइन्छ । उक्त शोधपत्रमा शोधकर्ताले विशेष गरी क्षेत्रीय विधि र आवश्यक रूपमा पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गरेको पाइन्छ । आङ्गिक तथा निजी ५/५ वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । प्रतिशतमा गणना गर्दा कक्षा ३ का विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको, लैङ्गिकताका दृष्टिले हेर्दा छात्रहरूको समग्र पठनबोध क्षमता छात्राको

भन्दा उच्च रहेको, आङ्गिक विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको, मातृभाषीको तुलनामा दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको जस्ता निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनले प्रस्तुत शोधपत्र लेखनमा सैद्धान्तिक पक्षको जानकारी प्राप्त भएको छ ।

न्यौपाने (२०६७) द्वारा *कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूले लेख्य चिह्न प्रयोगमा गर्ने त्रुटिको अध्ययन* शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । यसको प्रमुख उद्देश्य कक्षा १२ मा अध्ययनरत सार्वजनिक तथा निजी विद्यालयका विद्यार्थीहरूका साथै मातृभाषी र इतर नेपाली भाषी विद्यार्थीहरूको लेखन चिह्न प्रयोग सम्बन्धी क्षमताको निर्धारण गर्नु, लेख्य चिह्नको कठिनाइ स्तर पहिचान गर्ने रहेको छ । उक्त अध्ययनमा कीर्तिपुर नगरपालिकाका चारवटा उच्च माध्यमिक विद्यालयका २०/२० जनाका दरले जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । उक्त शोधपत्रको निष्कर्षमा मातृभाषी विद्यार्थीहरूको तुलनामा इतर नेपाली भाषी विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगमा त्यति सचेतता अपनाइएको पाइदैँन साथै निजी विद्यालयका विद्यार्थीहरू लेख्य चिह्न प्रयोगमा बढी सक्षम रहेको तथा मातृभाषी विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग कम त्रुटि गरेको पाइयो । यस शोधपत्रको अध्ययनले प्रस्तुत शोधपत्र लेखनमा सैद्धान्तिक पक्षको जानकारी प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

शाही (२०६८) द्वारा *चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन गर्नु, सरकारी र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक र लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु, ती विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन सम्बन्धी कमीकमजोरीहरू पहिल्याउनु एवम् सुधारात्मक सुझावहरू दिनु रहेको छ । क्षेत्रीय अध्ययन विधि अपनाइएको यस अध्ययनमा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयबाट १०/१० जना विद्यार्थीहरू नमुना छनोट गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस शोधमा संस्थागत भन्दा सामुदायिक

विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको, छात्र र छात्राहरूको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको कुरा पुष्टि गरिएको छ । यो अनुसन्धान चिठी तथा निवेदन लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले उक्त अनुसन्धानले यस अनुसन्धानका लागि सहयोग पुऱ्याएको छ ।

पन्त (२०७२) द्वारा *कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोध तयार गरिएको छ । कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलननात्मक अवस्था पहिल्याउनु र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा कञ्चनपुर जिल्लाका चार/चार वटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यस शोधमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम रहेको देखाइएको छ । भाषिक र लैङ्गिक आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा मातृभाषी र छात्राहरूको अनुच्छेद लेखन क्षमता बढी रहेको देखाइएको छ । साथै सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यो अनुसन्धान लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले चिठीअन्तर्गत पर्ने शुभकामना लेखन क्षमताको अनुसन्धानका लागि आधार प्रदान गरेको छ ।

पोखरेल (२०७३) द्वारा *बी. एड. प्रथम वर्षका विद्यार्थीहरूको बधाई लेखन क्षमताको अध्ययन* शीर्षकमा शोध तयार गरिएको छ । प्रस्तुत शोधको उद्देश्यमा बी. एड. प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूको बधाई लेखन क्षमता पत्ता लगाउनु, सरकारी वा संस्थागत क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको बधाई लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको बधाई लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेका छन् । यस अध्ययनमा काठमाडौँ जिल्लाका ५/५ वटा सामुदायिक र संस्थागत क्याम्पसबाट जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यस शोधमा बी. एड. प्रथम वर्षका विद्यार्थीहरूको बधाई लेखन क्षमता

कमजोर नरहेको देखाइएको छ । आङ्गिक क्याम्पसको तुलनामा सम्बन्धन प्राप्त क्याम्पसका विद्यार्थीहरूको बधाई लेखन क्षमता राम्रो रहेको र लैङ्गिक आधारमा छात्रको तुलनामा छात्राको बधाई लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यो अनुसन्धान व्यावहारिक लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले शुभकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याएको छ ।

पोखेल (२०७३) द्वारा *अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता* शीर्षकमा शोधकार्य तयार पारिएको छ । अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको तुलना गर्नु, विज्ञापनका प्रकारका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको व्यापारिक र पदपूर्ति विज्ञापन लेखन क्षमताको पहिचान गर्नु, स्थानीयताका आधारमा विज्ञापन लेखन क्षमताको स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरू राखिएको उक्त अध्ययनमा अर्घाखाँची जिल्लाका १० वटा उच्च माध्यमिक विद्यालयलाई प्रतिनिधि नमुना छनोटको रूपमा लिइएको छ, जसमा प्रत्येक उच्च माध्यमिक विद्यालयबाट पाँच/पाँच जना छात्र र छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूको छनोट गरिएको छ । उक्त अनुसन्धानमा विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको विश्लेषण प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । उक्त विश्लेषणका आधारमा बहुसङ्ख्यक विद्यार्थीहरूले मध्यम अङक प्राप्त गरेका हुनाले अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । उक्त शोधकार्यको अध्ययनले यस शोध कार्यका लागि तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियामा भूमिका खेलेको छ ।

सुवेदी (२०७३) द्वारा *काठमाडौँ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखनक्षमताको अध्ययन* शीर्षकमा शोध तयार गरिएको छ । प्रस्तुत शोधको उद्देश्यमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पत्ता लगाउनु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमतामा पाइने भिन्नताको तुलना गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमतामा पाइने भिन्नताको तुलना गर्नु रहेका छन् । उक्त शोधपत्रमा शोधकर्ताले क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । सामुदायिक र निजी पाँच/पाँच वटा विद्यालयका १०० जना विद्यार्थीलाई

नमुनाका रूपमा लिइएको छ । उक्त शोधपत्रमा काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको पाइयो । लैङ्गिक रूपमा छात्रको तुलनामा छात्राको शुभकामना लेखन क्षमता राम्रो रहेको, सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको निष्कर्ष पाइयो । यो अनुसन्धान व्यावहारिक लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले शुभकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याएको छ ।

## २.२ शुभकामनाको परिचय

'शुभकामना' शब्द 'शुभ' र 'कामना' शब्दहरूको योगबाट बनेको तत्सम शब्द हो । यसको शब्दिक अर्थ अरूको भलाइको चाहना गर्ने काम भन्ने हुन्छ (अधिकारी र भट्टराई, २०६१ : ९४३) । भलाइको चाहना, शुभेच्छा, कुनै विशेष पर्व वा अवसरमा साथी संगती वा इष्टमित्रहरूलाई कल्याण चिताई दिइने वा पठाइने सन्देश शुभकामना हो (पोखरेल, २०४० : ११९४) । शुभकामनाको शाब्दिक अर्थ भलो चिताउनु, कुनै विशेष अवसर वा पर्वमा दिइने शुभ सन्देश वा बधाई हो (ढुङ्गाना, २०६८ : ४९६) । कसैको प्रगति, कुनै विशेष अवसर, चाडपर्व, अरूको भलो चिताई सुख, शन्ति, सम्वृद्धि एवम् उत्तरोत्तर प्रगतिको चाहना गर्दै पठाइने वा दिइने पत्रलाई शुभकामना भनिन्छ । कसैको उन्नति प्रगतिमा खुसियालीमा पठाइने पत्र शुभकामना हो (आचार्य, २०५८ : १७४) । यस्तो पत्र व्यक्तिगत रूपमा पनि पठाउन सकिन्छ र सार्वजानिक सञ्चार माध्यममा प्रकाशित गरेर पनि पठाउन सकिन्छ । आफ्ना, शुभचिन्तक तथा साथीभाइहरूलाई विशेष सन्दर्भ वा अवसरमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै दिइने, पठाइने वा व्यक्त गरिने सन्देशलाई शुभकामना भनिन्छ (गौतम, भण्डारी र ओझा, २०६९ : ४१३) । कुनै व्यक्ति वा संस्थाको जन्मदिन, विशेष पर्व, चाडवाड वा जन्मोत्सव, भोज भतेर, विवाह, व्रतबन्ध, आदिमा व्यक्ति वा संस्थाका तर्फबाट व्यक्तिगत वा सार्वजनिक रूपमा प्रगति, समृद्धिको र सुस्वास्थ्यको कामना गरी लेखिने सन्देशलाई शुभकामना भनिन्छ (घिमिरे, २०७३ : २१३) । कुनै विशेष अवसरमा आफ्ना इष्टमित्र, साथी, बन्धुबान्धव, विशिष्ट व्यक्ति आदिमा तिनीहरूको उन्नति, प्रगति, सुस्वास्थ्य, पूर्ण आयु, सुख, शान्ति, समृद्धिको चाहना गर्दै दिइने अभिव्यक्तिलाई नै शुभकामना भनिन्छ । थोरै तर मिठा शब्दमा कलात्मक कार्डहरू बनाएर आफ्ना अन्तरङ्ग मित्रलाई उपयुक्त पर्व उत्सवमा शुभकामनापत्र दिनुपर्दछ । शुभकामना आफ्ना आफन्त,

साथीभाइको भलो चिताई दिइने शुभ सन्देश हो, जसलाई मौखिक र लिखित रूपमा पठाउन वा दिन सकिन्छ । शुभकामना कलात्मक कार्डमा वा पत्रपत्रिकामा छपाएर पनि दिने गरिन्छ । कुनै विशेष उत्सव, चाडपर्व, नयाँवर्ष, जन्मदिन, वर्षप्रवेश, वार्षिकोत्सव आदि अवसरमा सुख, शान्ति एवम् उत्तरोत्तर प्रगतिको कामना गरिने सद्भावपत्र शुभकामनापत्र हो (सुवेदी, पौड्याल र तिवारी, २०७२ : १४५) । सुख, शान्ति, समृद्धि र मङगलमय कामना गर्दै लेखिने सन्देश शुभकामना हो ।

समग्रमा भन्नुपर्दा अरूको उन्नति, प्रगति तथा भलाइको चाहना व्यक्त गरेर कुनै व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थालाई दिइने आकर्षक पत्रलाई शुभकामना पत्र भनिन्छ । यसमा सरल भाषाशैलीको प्रयोग, शुभसूचक र मीठा शब्दावलीको प्रयोगका साथै कलात्मक कार्डहरू बनाएर आफ्ना मनका शुभसन्देश मित्रहरू वा आफन्तहरूलाई उपयुक्त पर्व उत्सवको अवसरमा शुभकामना दिने गरिन्छ ।

## २.३ शुभकामनाको संरचना

शुभकामनाको संरचनालाई विभिन्न पुस्तकमा आदि, मध्य र अन्त्य गरी तिन भागमा विभाजन गरिएको पाइयो । तसर्थ शुभकामनाको संरचनालाई आदि, मध्य र अन्त्य गरी तिन भागमा विभाजन गर्न सकिन्छ । यसको चर्चा निम्नानुसार गरिएको छ :

### २.३.१ आदि भाग

शुभकामनाको आदि भागमा शुभकामना वा हार्दिक शुभकामना शब्दलाई बोल्ड गरेर लेखिएको हुन्छ । यसलाई शुभकामना पत्रको माथिल्लो भागको बिचमा लेखिन्छ । जस्तै :

**शुभकामना**

**हार्दिक शुभकामना**

### २.३.२ मध्य भाग

यो शुभकामना पत्रको मूल भाग हो । यसमा शुभकामना दिने व्यक्तिले शुभकामनाको विषय सन्दर्भलाई स्पष्ट पारी आफन्त, साथी, इष्टमित्र आदिको उन्नति, प्रगति, सुस्वास्थ्य, सुख, शान्ति, समृद्धिको चाहना व्यक्त गरिएको हुन्छ । यस भागले नै

शुभकामनाको वास्तविक रूप निर्धारण गरेको हुन्छ । यो भाग शुभकामना लेखनको महत्त्वपूर्ण भाग हो । जस्तै :

विजयदशमी, शुभ दिपावली, छठ तथा ह्लोसार पर्व २०७४ को पावन अवसरमा

प्राध्यापक, विद्यार्थी, अभिभावक तथा पुस्तक व्यवसायीहरूको परिवारमा

सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्यको लागि हार्दिक मङ्गलमय

शुभकामना व्यक्त गर्दछौँ ।

### २.३.३ अन्त्य भाग

शुभकामना पत्रको अन्तिम भागमा शुभकामना दिने व्यक्ति वा संस्थाको नाम, ठेगाना प्रस्तुत गरिएको हुन्छ । जसका माध्यमले शुभकामना दिने व्यक्ति वा संस्थाको पहिचान हुन्छ ।

जस्तै :

व्यक्ति वा संस्थाको नाम

ठेगाना

फोन नं.

## २.४ शुभकामनाका प्रकार

शुभकामना मौखिक र लिखित गरी दुई प्रकारको हुन्छ । मौखिक शुभकामना व्यक्तिलाई प्रत्यक्ष रूपमा भेटेर, फोन गरेर दिन सकिन्छ भने लिखित शुभकामनापत्र, इमेल, पत्रपत्रिकामा प्रकाशन, रेडियो, टेलिभिजनमा प्रसारण गरी आदि माध्यमबाट प्रदान गर्ने गरिन्छ । प्रयोजनका आधारमा शुभकामनाहरू वैयक्तिक र सार्वजनिक गरी दुई प्रकारका हुन्छन् (गौतम, भण्डारी र ओझा, २०६९ : ४१३) । वैयक्तिक र सार्वजनिक शुभकामनाका बारेमा तल चर्चा गरिएको छ :

### २.४.१ वैयक्तिक शुभकामना

कुनै व्यक्तिको जन्मदिन, ब्रतबन्ध, विवाह, व्यापार व्यावसाय तथा जागिर शुभारम्भको अवसरमा उन्नति, प्रगति, सुस्वास्थ्य,सुख, शान्ति र समृद्धिको चाहना गर्दै प्रदान

गरिने शुभकामनालाई वैयक्तिक शुभकामना भनिन्छ (गौतम, भण्डारी र ओभा, २०६९ : ४१३) । वैयक्तिक शुभकामना व्यक्तिको विशेष अवसरमा मात्र प्रदान गरिने भएकाले यसमा शुभकामना लिनेदिने कार्य भन्दा पनि शुभकामना दिने मात्र गरिन्छ । यस्तो शुभकामना प्रत्यक्ष रूपमा भेटेर दिन सकिन्छ ।

### २.४.२ सार्वजनिक शुभकामना

नयाँवर्ष, तिज, दसैँ, तिहार, छठ, होली, गणतन्त्र, लोकतन्त्र आदि जस्ता चाडपर्वहरूमा आफन्तजन, साथीभाइ तथा बन्धुबान्धव लगायत् सम्पूर्ण नेपाली जनतालाई उनीहरूको उन्नति, प्रगति, सुस्वास्थ्य, सुख, शान्ति र समृद्धि, देशमा अमनचैनको चाहना गर्दै प्रदान गरिने शुभकामनालाई सार्वजनिक शुभकामना भनिन्छ (गौतम, भण्डारी र ओभा, २०६९ : ४१३) । सार्वजनिक रूपमा प्रकाशित गरिने यस्ता पत्रमा सम्बन्धित व्यक्तिको फोटो पनि राखिन्छ (आचार्य, २०५८ : १७४) । यसमा शुभकामना दिने र लिने प्रक्रिया मुख्य हुन्छ । यस्ता शुभकामना सार्वजनिक रूपमा रेडियो, टेलिभिजन, पत्रपत्रिकामा प्रसारण गरिएको हुन्छ ।

## २.५ शुभकामना लेखनको उद्देश्य

कुनै विशेष अवसरमा आफ्ना इष्टमित्र, साथी, नातेदार, विशिष्ट व्यक्ति आदिलाई तिनीहरूको उन्नति, प्रगति, सुस्वास्थ्य, पूर्णआयु, सुख, शान्ति र समृद्धिको चाहना व्यक्त गर्दै दिइने अभिव्यक्ति नै शुभकामना हो । स्नातक तहको अनिवार्य नेपालीको पाठ्यक्रमले निर्धारण गरेअनुसार शुभकामना लेखनका उद्देश्यहरू निम्नानुसार छन् :

१. शुभकामना लेख्ने ढाँचासँग परिचित गराउनु,

२. शुभकामनाको नमुना तयार गर्न सक्ने गराउनु,

३. निर्धारित ढाँचामा आधारित भई व्यावहारिक लेखनका पत्र रचना गर्नु,

४. कुनै विशेष अवसरमा आफ्ना इष्टमित्र, साथीभाइ आदिलाई शुभकामना दिन सक्षम बनाउनु,

५. शुभकामना दिने विषय वा सन्दर्भ अनुसारका शुभ सूचक शब्दहरूको चयन गरी शुभकामना व्यक्त गर्न सक्ने क्षमता विकास गर्नु,

६. व्यावहारिक लेखन सिप विकास गर्नु,

७. कुनै विशेष अवसरमा विभिन्न प्रकारका शुभकामना लेख्न सक्ने सिप विकास गर्नु

## २.६ शुभकामना लेखनको भाषा

शुभकामना कुनै व्यक्ति वा संस्थाले कुनै विशेष अवसर, चाडपर्व, नयाँवर्ष, जन्मदिन, भोजभतेर, विवाह, ब्रतबन्ध आदिमा व्यक्ति वा संस्थाका तर्फबाट अर्को व्यक्ति वा संस्थालाई प्रगति, समृद्धि, सुस्वास्थ्यको कामना गरी लेखिने छोटो मिठो र आकर्षक टिप्पणी हो । शुभकामना लेखन भाषाको अभिव्यक्तिअन्तर्गतको लेखन सिपसँग सम्बन्धित भएकाले शुभकामना ज्ञापन गर्दा शुभकामना लेखनमा प्रयुक्त खास शब्द र सरल वाक्यहरूको प्रयोग गरी मौलिक भाषाशैलीको प्रयोग गर्नुपर्दछ । शुभकामनाको भाषाशैली हौसला प्रदान गर्ने खालको हुनुपर्दछ (भट्टराई र नेपाल, २०६८ : ३३) । शुभकामना लेखनमा लेख्य चिह्नको प्रयोग, वाक्य गठनमा विशेष विचार पुऱ्याउने अनि विषयवस्तुलाई एउटै वाक्यमा समेटेर शुभसूचक शब्द, पदावलीको प्रयोग गर्नुपर्दछ । शुभकामना लेख्दा सरल भाषाशैली, छोटा मिठा शुभसूचक शब्दको प्रयोग गर्नुपर्दछ । वैयक्तिक शुभकामना दिँदा प्रथम पुरुषीय भाषाशैली र सार्वजनिक शुभकामना दिँदा द्वितीय पुरुषीय भाषाशैली अपनाउनुपर्दछ । यसमा हर्ष, खुसी, मङ्गल र अन्य शुभसूचक शब्दको प्रयोग गरी सरल, स्वभाविक र स्पष्ट भाषाशैलीको प्रयोगमा जोड दिनुपर्दछ ।

## २.७ लेखन सिप विकासमा शुभकामना लेखन

मनको कुरा बुझाउने माध्यम नै भाषा हो । भाषा मानिसले मात्र प्रयोग गर्दछन् त्यसैले भाषा मानवीय वस्तु हो । मानिसको उच्चारण अवयवबाट निस्केका अर्थपूर्ण अभिव्यक्तिलाई नै भाषा भनिन्छ । भाषाका सुनाइ बोलाइ, पढाइ र लेखाइ गरी चारवटा सिप हुन्छन् । भाषा सिकाउनुको मूल उद्देश्य भाषिक सिप सिकाउनु हो । यी चार वटा सिपको प्रयोग गरेर भाषिक बोध र अभिव्यक्ति क्षमताको अभिवृद्धि गराउन सकिन्छ । भाषिक सिपहरू मध्ये सुनाइ र पढाइ ग्रहणात्मक वा आदानात्मक सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिगत वा प्रदानात्मक सिप हुन् (पौडेल, २०७० : ३०) । बोलाइ र लेखाइ सिप अभिव्यक्ति पक्षसँग सम्बन्धित छन् भने पढाइ र सुनाइ सिप बोध पक्षसँग सम्बन्धित छन् ।

व्यावहारिक लेखनको पत्र रचना अन्तर्गत पर्ने शुभकामना लेखन लेखाइ र बोलाइ सिप अभिव्यक्ति पक्षसँग सम्बन्धित रहेको छ । शुभकामना प्रदानात्मक प्रकृतिको हुन्छ ।

लेखाइ भाषाको उत्तरवर्ती सिप हो । आफ्ना भावना, विचार तथा अनुभूतिलाई लिपिबद्ध रूपमा व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । यो शिक्षण सिकाइ क्रियाकलापको महत्त्वपूर्ण अङ्ग हो । सिकारूमा शैक्षिक, प्राज्ञिक र व्यावहारिक तथा मौखिक अभिव्यक्ति निकटका यावत् कुरा लेख्य रूपमा प्रस्तुत गर्ने क्षमता दिलाउन, स्वतन्त्र वा सिर्जनात्मक लेखन सामर्थ्य बढाउन, उपयुक्त लेख्य चिह्न र लिपि प्रयोग गरी स्तरीय लेखन सिप विकास गराउन, लेख्य रूपमा कलात्मक अभिव्यक्ति दिने सामर्थ्य बढाउन र जीवनका व्यावहारिक समस्या समाधान गरी आत्मनिर्भर बनेर बाँच्ने लेखन सामर्थ्य दिलाउन लेखन कला शिक्षण गरिन्छ (पौडेल, २०७० : ८९) । तसर्थ विद्यार्थीहरूमा विभिन्न विषयमा अनुच्छेद, चिठी, निवेदन, निमन्त्रणा, शुभकामना, समवेदना तथा साहित्यिक विविध विधा रचना गर्न सक्ने क्षमता विकासका लागि लेखाइ सिप शिक्षण गरिन्छ । लेखन सिप विकास गर्न गरिने शिक्षणलाई नै लेखन सिप शिक्षण भनिन्छ ।

शुभकामनामा नयाँवर्ष, विशेष चाडपर्वहरू, ब्रतबन्ध, विवाह तथा अन्य माङ्गलिक कार्यहरूको प्राप्ति आदिको अवसरमा आफ्ना इष्टमित्र, साथीभाइ, आफन्तजन आदिको उन्नति, प्रगति, सुस्वास्थ्य, सुख, शान्ति, समृद्धिको कामना गरिएको हुन्छ । भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार वटा हुन्छन् । ती मध्ये सुनाइ र पढाइ सिप आदानात्मक प्रकृतिका हुन् भने बोलाइ र लेखाइ सिप प्रदानात्मक प्रकृतिका हुन् । लेखाइ सिप विकासका लागि लेखन कला शिक्षण गरिन्छ । लेखन सामान्य, प्राज्ञिक, सिर्जनात्मक, प्राविधिक, व्यावहारिक गरी विभिन्न किसिमका हुन्छन् । कक्षा एघारको सबैको नेपालीको पाठ्यक्रमले निर्धारण गरेअनुसार व्यावहारिक लेखनअन्तर्गत निमन्त्रणा, शुभकामना, बधाई, समवेदना, तमसुक, श्रद्धाञ्जली पर्दछन् । शुभकामना लेखन व्यावहारिक लेखन अन्तर्गत पर्दछ । शुभकामना लेखनले विद्यार्थीहरूमा व्यावहारिक लेखन सिप विकास गर्दछ । जसका कारणले विद्यार्थीहरूले विभिन्न अवसरमा प्रदान गर्ने शुभकामना लेखनको ढाँचाको जानकारी प्राप्त गर्दछन् । शुभकामना व्यक्तिगत रूपमा मौखिक पनि प्रदान गरिन्छ भने सार्वजनिक शुभकामना दिनका लागि लेखन सिपको आवश्यकता पर्दछ । लिखित वा सार्वजनिक शुभकामना लेखन शिक्षणले विद्यार्थीहरूमा शुभकामना दिने विषय वा सन्दर्भ अनुसारका

शुभसूचक शब्दहरूको चयन गरी शुभकामना लेख्न सक्ने क्षमता विकास हुने गर्दछ । लेखन सिप विकासको लागि विभिन्न अभ्यासात्मक कार्यकलापहरू गराइन्छ । ती मध्ये शुभकामना लेखन पनि एक हो ।

शुभकामना लेखन लेखाइ सिप शिक्षणकै क्रममा उच्च शिक्षा शिक्षणमा अभ्यास गराइने एउटा अभ्यासात्मक कार्यकलाप हो । लेखाइ सिप भनेको भाषाको उच्च स्तरीय अभिव्यक्तिको माध्यम हो भने शुभकामना लेखन यसै सिपमा उच्च तहका विद्यार्थीहरूलाई दक्ष बनाउन प्रयोगमा ल्याइने एउटा कार्यकलाप हो । शुभकामना लेखनको मूल प्रयोजन नै उच्च तहमा स्तरीय, नियमबद्ध, संक्षिप्त, स्पष्ट, मौलिक र सरल रूपमा लेख्न सक्ने सिपको विकास गर्नु हो । तसर्थ लेखन सिप र शुभकामना लेखनको महत्त्वपूर्ण सम्बन्ध रहेको छ । अतः लेखाइ सिप आफैमा साध्य हो भने शुभकामना लेखन त्यस सिपको विकासमा प्रयोग गर्ने साधन हो ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

प्रस्तुत शोधकार्य दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यो अध्ययन विद्यार्थीहरूसँग प्रत्यक्ष भेटेर निष्कर्ष निकाल्नु पर्ने हुनाले क्षेत्रीय अध्ययन विधिलाई आधार बनाइएको छ । जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, सङ्कलित तथ्याङ्कको विश्लेषण गर्न तालिका तथा स्तम्भ चित्रको प्रयोग गरिएको छ । यस अध्ययनलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउन निम्न विधि र प्रक्रिया अपनाइएको छ :

## ३.२ जनसङ्ख्या

प्रस्तुत अध्ययनमा शैक्षिक सत्र २०७४/०७५ मा दाङ जिल्लाका कक्षा एघार पढाइ हुने सम्पूर्ण विद्यालय र कक्षा एघारमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अनुसन्धानमा प्रतिनिधि नमुनाका रूपमा दाङ जिल्लाको लमही नगरपालिका र तुलसीपुर उपमहानगरपालिकामा रहेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयहरूलाई लिइएको छ । प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई यादृच्छिक नमुना छनोट पद्धतिअन्तर्गत पर्ने चिट्ठा प्रक्रियाबाट छनोट गरी नमुनाको रूपमा लिइएको छ ।

## ३.४ सामग्रीको स्रोत

प्रस्तुत अध्ययनका लागि निम्नलिखित स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा क्रममा पूर्वनिर्धारित सङ्ख्याका विद्यार्थीहरूलाई दुईवटा शीर्षकमा शुभकामना लेख्न लगाई विद्यार्थीहरूबाट उत्तरपुस्तिका सङ्कलन गरी प्राप्त तथ्यलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

### ३.४.२ द्वितीय स्रोत

प्रस्तुत अध्ययनका लागि द्वितीय स्रोतका रूपमा शोधपत्र, पत्रपत्रिका, पुस्तक, पाठ्यपुस्तक आदि प्रयोग गरिएको छ ।

## ३.५ सामग्री निर्माण

प्रस्तुत अध्ययनमा प्रत्यक्ष रूपमा विद्यार्थीहरूको संलग्नता आवश्यक हुने र त्यसमा पनि उनीहरूको क्षमताको पहिचान हुनुपर्ने भएकाले त्यस सम्बन्धी तथ्याङ्कका लागि परीक्षणको प्रयोग गर्दा राम्रो हुने देखिन्छ । त्यस्तो परीक्षणको लागि प्रश्नपत्र नै उपयुक्त सामग्री हो । यस अन्तर्गत वैयक्तिक र सार्वजनिक शुभकामना लेखनका १/१ वटा प्रश्न निर्माण गरिएको छ । (१) निवनियुक्त वडाध्यक्षलाई उहाँको सफल कार्यकालका लागि दिइने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् । र (२) विजया दशमी, दिपावली तथा छठ पर्वको अवसरमा लेखिने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् शीर्षकको प्रश्नपत्रलाई सामग्रीको रूपमा लिइएको छ ।

## ३.६ पूर्वपरीक्षण

प्रस्तुत अध्ययनमा सामग्रीको रूपमा लिइएको प्रश्नपत्रलाई पूर्व परीक्षणको लागि काठमाडौं जिल्लाको ग्रामीण आदर्श बहुमुखी क्याम्पसका कक्षा एघारमा अध्ययनरत १० जना विद्यार्थीहरूमा परीक्षण गरियो । सामान्य ढाँचा, भाषाशैली, मौलिकता, भाषिक शुद्धता र विषयवस्तुको प्रस्तुति परीक्षणका आधार रहेका थिए । त्यसपछि विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा प्रश्नको विश्लेषण गरी प्रश्नपत्रलाई अन्तिम रूप दिन पूर्वपरीक्षणबाट प्राप्त नतिजाको मध्यमान निकालियो । यसमा मध्यमान १३.५ निकालियो । मध्यमानका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कलाई हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ५ जना अर्थात् ५० प्रतिशत विद्यार्थी रहेको पाइयो । यसका आधारमा पूर्वपरीक्षण गरिएको प्रश्नपत्रको कठिनाइस्तर मध्यम खालको हो भन्न सकिन्छ ।

## ३.७ परीक्षणको कार्यान्वयन

निर्माण गरिएको प्रश्नलाई छनोट गरिएका दाङ जिल्लाका लमही नगरपालिका र तुलसीपुर उपमहानगरपालिकामा रहेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयहरूका १०० जना विद्यार्थीहरू माझ परीक्षण गरियो । उक्त परीक्षणको

वैयक्तिक शुभकामनाका लागि पूर्णाङ्क १० र १० मिनेट उपलब्ध गराइएको थियो र सार्वजनिक शुभकामनाका लागि पनि पूर्णाङ्क १० र १० मिनेट समय उपलब्ध गराइएको थियो । यसमा वैयक्तिक र सार्वजनिक शुभकामनाका लागि जम्मा २० पूर्णाङ्क र २० मिनेट समय उपलब्ध गराइएको थियो ।

## ३.८ तथ्याङ्क सङ्कलन तथा व्याख्या विश्लेषण

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा दाङ जिल्लाको लमही नगरपालिका र तुलसीपुर उपमहानगरपालिकाका विभिन्न विद्यालयका विद्यार्थीहरूलाई निर्धारित शुभकामनाका प्रश्न २० मिनेट समय निर्धारित गरी लेख्न प्रेरित गरिएको छ । नमुना जनसङ्ख्याका रूपमा चयन गरिएका विद्यालयहरूबाट सङ्कलन गरिएका शुभकामना लेखनका उत्तरपुस्तिकालाई शोधनिर्देशकको सुझावका आधारमा शुभकामना लेखन क्षमताको प्रक्रियागत रूपमा अङ्कन गरिने छ । प्राप्त प्राप्ताङ्कलाई उत्तरपुस्तिकाको स्थान अनुकूल अङ्कित गरी ती उत्तरपुस्तिकालाई जाँच गर्न उत्तरपुस्तिका परीक्षण कुञ्जिका शीर्षकसँग सम्बन्धित ढाँचाका लागि २ अङ्क, भाषाशैली, मौलिकता, भाषिक शुद्धता र विषयवस्तुको प्रस्तुतिका लागि पनि २/२ अङ्क निर्धारण गरी अङ्कन गरिएको छ ।

प्रस्तुत अध्ययनको शीर्षक लेखन कलासँग सम्बन्धित रहेको हुँदा यसमा तथ्याङ्क सङ्कलनका क्रममा शुभकामना लेखिएको उत्तरपुस्तिकाहरूमा अङ्कन गरिएका प्राप्ताङ्कलाई लैङ्गिक, भाषिक पृष्ठभूमि, विद्यालय प्रकृतिका आधारमा तालिकाबद्ध गरिएको छ । उक्त निष्कर्षलाई मध्यमान, मानक विचलन तथा प्रतिशताङ्कका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन तथा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसरी विश्लेषण गरिएको तथ्याङ्कलाई स्तम्भ चित्रमा प्रस्तुत गरी स्पष्ट पारिएको छ । प्राप्त तथ्याङ्कलाई विश्लेषणका लागि निम्नानुसारका तथ्याङ्कशास्त्रीय विधिहरूको प्रयोग गरिएको छ :

**(क) प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\bar{X} = \frac{\Sigma FX}{N}$$

$\bar{X}$ = मध्यमाान

$\Sigma$ = योगफल

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

$\sigma$ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

# अध्याय चार

# दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको समग्र शुभकामना लेखन क्षमता

प्रस्तुत अध्यायमा शोधप्रस्तावमा उल्लेख गरिएअनुसार दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता शीर्षकअन्तर्गत रहेर दाङ जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत क्याम्पसका १०० जना विद्यार्थीहरूलाई नमुना प्रतिनिधिको रूपमा छनोट गरिएको छ । शुभकामना लेखन क्षमताको परीक्षणका लागि सङ्कलन गरिएका तथ्याङ्कको विश्लेषण गरिएको छ । यस अध्यायमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थिति पत्ता लगाउन वैयक्तिक र सार्वजनिक शुभकामनामा विद्यार्थीहरूले प्राप्त गरेका अङ्कलाई मुख्य आधार बनाइएको छ । उक्त अध्ययनलाई वैज्ञानिक वैध र विश्वसनीय बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान, मानक विचलनजस्ता तथ्याङ्कशास्त्रीय विधिलाई उपयोग गरिएको छ । यसका साथै प्राप्त तथ्याङ्कलाई स्तम्भचित्रबाट पनि स्पष्ट पारिएको छ ।

## ४.१ दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको समग्र शुभकामना लेखन क्षमताको विश्लेषण

यस अध्यायमा प्रस्तुत शीर्षकमा कक्षा एघारमा अध्ययनरत सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा तालिका १ मा समग्र शुभकामना लेखन क्षमतालाई निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका १**

**समग्र शुभकामना लेखन क्षमता**


<table>
<tr><td rowspan="3">विद्यार्थी सङ्ख्या</td><td colspan="2">६० प्रतिशतभन्दा कम</td><td colspan="2">६०-६९ प्रतिशतसम्म</td><td colspan="2">७०-७९ प्रतिशतसम्म</td><td colspan="2">८० प्रतिशतभन्दा माथि</td></tr>
<tr><td>सङ्ख्या</td><td>प्रतिशत</td><td>सङ्ख्या</td><td>प्रतिशत</td><td>सङ्ख्या</td><td>प्रतिशत</td><td>सङ्ख्या</td><td>प्रतिशत</td></tr>
<tr><td colspan="2">न्यूनतम</td><td colspan="2">मध्यम</td><td colspan="2">उच्च</td><td colspan="2">उच्चतम</td></tr>
<tr><td>१००</td><td>९</td><td>९</td><td>३०</td><td>३०</td><td>४३</td><td>४३</td><td>१८</td><td>१८</td></tr>
</table>

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा कुल १०० जना विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्रतिशतलाई गणना गरी चार श्रेणीमा विभाजन गरिएको छ । जसमा क्रमशः ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ९ जना अर्थात् ९ प्रतिशत रहेका छन् । त्यसैगरी ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ३० जना अर्थात् ३० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४३ जना अर्थात् ४३ प्रतिशत रहेका छन् र ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १८ जना अर्थात् १८ प्रतिशत रहेका छन् ।

न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ९ प्रतिशत र उच्चतम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १८ प्रतिशत रहेको देखिन्छ र न्यूनतम र उच्चतम प्रतिशतमा कमै मात्रामा फरक देखिनाले समग्रतामा विद्यार्थीको शुभकामना लेखन क्षमता उच्च रहेको देखिन्छ । तालिकामा उल्लेख भएअनुसार ७० देखि ७९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ४३ प्रतिशत देखिनुले विद्यार्थीको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भले पनि पुष्टि गर्दछ :

**स्तम्भ चित्र १**




स्रोत : स्थलगत अध्ययन, २०७४ ।

## ४.२ समग्रतामा मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्र शुभकामना लेखन क्षमताको स्थितिलाई तालिका २ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका २**

**समग्रमा शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | मध्यमानभन्दा कम |
|---|---|---|---|---|---|---|
| १०० | २० | १३.३ | १.७५ | १३.३ | ६१ | ३९ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार नमुना प्रतिनिधिका रूपमा जम्मा १०० जना विद्यार्थीलाई लिइएको देखिन्छ । समग्र प्राप्ताङ्कको मध्यमान १३.३ रहेको देखिन्छ । यस तथ्याङ्कीय

विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ६१ जना विद्यार्थीहरू रहेको देखिन्छ भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने ३९ जना विद्यार्थीहरू रहेको देखिन्छ । त्यसैगरी मानक विचलन १.७५ रहेको देखिन्छ । यसरी प्राप्ताङ्कको मध्यमानलाई हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीहरू बढी रहेको देखिन्छ । यसर्थ समग्रमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.३ समग्रतामा विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको समग्र वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण तलको तालिकामा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका ३**

**समग्रतामा वैयक्तिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | ६० प्रतिशतभन्दा कम | | ६०-६९ प्रतिशतसम्म | | ७०-७९ प्रतिशतसम्म | | ८० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | न्यूनतम | | मध्यम | | उच्च | | उच्चतम | |
| १०० | ११ | ११ | ३३ | ३३ | ३७ | ३७ | १९ | १९ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।


उपर्युक्त तालिकाअनुसार नमुना प्रतिनिधिका रूपमा जम्मा १०० जना विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको प्रतिशतलाई गणना गरी चार श्रेणीमा विभाजन गरिएको छ । यसमा क्रमशः ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने ११ जना अर्थात् ११ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । त्यसैगरी ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ३७ जना अर्थात् ३७ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ र ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने १९ जना अर्थात् १९ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । तालिकाअनुसार सबैभन्दा बढी प्रतिशत ल्याउने ७० देखि ७९ प्रतिशतसम्म ३७ जना अर्थात् ३७ प्रतिशत

विद्यार्थीहरू रहेको देखिन्छ । यसर्थ समग्रमा विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भ चित्रले पनि पुष्टि गर्दछ ।

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण स्तम्भ चित्र २ मा निम्नानुसार गरिएको छ :

**स्तम्भ चित्र २**

**समग्रमा वैयक्तिक शुभकामना लेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७४

## ४.४ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्र शुभकामना लेखन क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा तालिका ४ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका ४**

**समग्रतामा विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १० | ६.८९ | ०.९१ | ६.८९ | ५६ | ५६ | ४४ | ४४ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार प्रतिनिधि नमुनाका रूपमा जम्मा १०० जना विद्यार्थीहरूले वैयक्तिक शुभकामना लेखनमा समावेश भएको पाइन्छ । समग्रमा प्राप्ताङ्कको मध्यमान ६.८९ रहेको देखिन्छ। मानक विचलन ०.९१ रहेको छ। यस तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ५६ जना अर्थात् ५६ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने ४४ जना अर्थात् ४४ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । यसरी प्राप्ताङ्कको मध्यमानलाई हेर्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू बढी भएकाले समग्रमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ।

## ४.५ समग्रतामा विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण तालिका ५ मा निम्नानुसार प्रस्ट पारिएको छ :

**तालिका ५**

**समग्रतामा विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | ६० प्रतिशतभन्दा कम | | ६०-६९ प्रतिशतसम्म | | ७०-७९ प्रतिशतसम्म | | ८० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ८ | ८ | ३१ | ३१ | ४१ | ४१ | २० | २० |


स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार नमुना प्रतिनिधिका रूपमा जम्मा १०० जना विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको प्रतिशतलाई गणना गरी चार श्रेणीमा विभाजन गरिएको छ । जसमा क्रमशः ६० प्रतिशतभन्दा कम अङ्क प्राप्तप गर्ने ८ जना अर्थात् ८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ३१ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने सबैभन्दा बढी प्रतिशत ७०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ४१ जना अर्थात् ४१ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । त्यसैगरी ८० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने २० जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । यसर्थ समग्रमा विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भ चित्रले पनि पुष्टि गर्दछ ।

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण स्तम्भ चित्र ३ मा निम्नानुसार प्रस्ट पारिएको छ :

**स्तम्भ चित्र ३**

**समग्रमा विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७४ ।

## ४.६ मध्यमान र मानक विचलनका आधारमा सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्र सार्वजनिक शुभकामना लेखन क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा तालिका ६ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका ६**

**समग्र विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १० | ६.८९ | ०.८९ | ६.९८ | ६१ | ६१ | ३९ | ३९ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा जम्मा १०० जना विद्यार्थीहरूले सार्वजनिक शुभकामना लेखनमा समावेश भएको देखिन्छ । पूर्णाङ्क १० रहेको शुभकामना लेखनमा समग्रमा प्राप्ताङ्कको मध्यमान ६.९८ रहेको देखिन्छ भने समग्रमा मानक विचलन ०.८९ रहेको देखिन्छ । यस तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ६१ जना अर्थात् ६१ प्रतिशत रहेको देखिन्छ भने मध्यमानभन्दा तल अङ्क प्राप्तप गर्ने ३९ जना अर्थात् ३९ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । यसरी प्राप्ताङ्कको मध्यमानलाई हेर्दा मध्यमान भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू बढी भएकाले समग्रमा विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.७ समग्रमा सार्वजनिक र वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्रमा सार्वजनिक र वैयक्तिक शुभकामना लेखन क्षमताको मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक विश्लेषण तालिका ७ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका ७**

**समग्रमा सार्वजनिक र वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | शुभकामनाको प्रकार | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १० | वैयक्तिक | ६.८९ | ०.९१ | ५६ | ५६ | ४४ | ४४ |
| १०० | १० | सार्वजनिक | ६.९८ | ०.८९ | ६१ | ६१ | ३९ | ३९ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार जम्मा १०० जना विद्यार्थीहरूको वैयक्तिक र सार्वजनिक शुभकामना लेखनमा समावेश भएको देखिन्छ । पूर्णाङ्क १० रहेको शुभकामना लेखनमा समग्र वैयक्तिक शुभकामना लेखनको मध्यमान ६.८९ रहेको देखिन्छ भने सार्वजनिक शुभकामना लेखनको मध्यमान ६.९८ रहेको देखिन्छ । त्यसैगरी वैयक्तिक शुभकामनाको समग्रमा मानक विचलन ०.९१ रहेको देखिन्छ भने सार्वजनिक शुभकामनाको समग्रमा मानक विचलन ०.८९ रहेको देखिन्छ । यस तथ्याङ्कीय विश्लेषणमा वैयक्तिक र सार्वजनिक शुभकामना लेखनको समग्र मध्यमानलाई आधार मानेर हेर्दा वैयक्तिक शुभकामना लेखनमा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ५६ जना अर्थात् ५६ प्रतिशत रहेको देखिन्छ भने सार्वजनिक शुभकामना लेखनमा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ६१ जना अर्थात् ६१ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । तालिकाअनुसार वैयक्तिक शुभकामना लेखनको तुलनामा सार्वजनिक शुभकामना लेखन क्षमता ५ प्रतिशतले बढी रहेको देखिन्छ । मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने वैयक्तिक शुभकामना लेखनमा ४४ जना रहेको देखिन्छ भने सार्वजनिक शुभकामना लेखनमा ३९ जना रहेको देखिन्छ । यसर्थ दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूमा वैयक्तिक शुभकामना लेखनको तुलनामा सार्वजनिक शुभकामना लेखन क्षमता ५ प्रतिशतले उच्च रहेको देखिन्छ ।

## ४.८ निष्कर्ष

समग्र शुभकामना लेखन क्षमताको अध्ययन गर्दा कुल १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको थियो । यसमा २० पूर्णाङ्कको परीक्षा सञ्चालन गरिएको थियो । यसमा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । यसअन्तर्गत ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सबैभन्दा बढी विद्यार्थी ४३ जना रहेका छन् । यसर्थ ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या उच्च रहेकाले समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थिति उच्च रहेको स्पष्ट देखिन्छ ।

समग्रमा मध्यमानलाई आधार मानेर शुभकामना लेखन क्षमताको अध्ययन गर्दा १३.३ मध्यमान रहेको छ । मध्यमानभन्दा माथि ६१ जना अर्थात् ६१ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने मध्यमानभन्दा तल ३९ जना अर्थात् ३९ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्रमा शुभकामना लेखन क्षमता राम्रो रहेको छ ।

# अध्याय पाँच

## लैङ्गिक आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता

यस अध्यायमा लैङ्गिक आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन गरिएको छ । दाङ जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरूमा गई ५० जना छात्र र ५० जना छात्राहरूलाई शुभकामना लेख्न लगाई आवश्यक सूचना सङ्कलन गरिएको छ । नमुना छनोटमा परेका १० ओटा विद्यालयहरूबाट सङ्कलन गरिएका सूचनालाई तालिकीकरण, व्याख्या गरी छात्र र छात्राको शुभकामना लेखन क्षमता पत्ता लगाइएको छ । यस अध्यायमा वैयक्तिक र सार्वक्षजनिक शुभकामना लेखनमा छात्र र छात्राले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान निकाली विश्लेषण गरिएको छ । यसका साथै प्राप्त तथ्याङ्कलाई स्तम्भ चित्रबाट पनि स्पष्ट पारिएको छ ।

### ५.१ लैङ्गिक आधारमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण

यस अध्यायमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक आधारमा शुभकामना लेखन क्षमता तालिका ८ मा स्पष्ट पारिएको छ :

**तालिका ८**

**लैङ्गिक आधारमा शुभकामना लेखन क्षमता**

| लैङ्गिक आधार | विद्यार्थी सङ्ख्या | ६० प्रतिशतभन्दा कम | | ६०-६९ प्रतिशतसम्म | | ७०-७९ प्रतिशतसम्म | | ८० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्रा | ५० | १ | २ | ८ | १६ | २६ | ५२ | १५ | ३० |
| छात्र | ५० | ८ | १६ | २२ | ४४ | १९ | ३८ | ३ | ६ |


स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकामा १०० जना विद्यार्थीहरूमा गरिएको परीक्षणमा ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरू रहेका छन् जसमा ५०/५० जना छात्र र छात्राहरूको शुभकामना लेखन क्षमतालाई चार श्रेणीमा विभाजन गरिएको छ । क्रमशः ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने १ जना अर्थात् २ प्रतिशत विद्यार्थीहरू, ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ८ जना अर्थात् १६ प्रतिशत विद्यार्थीहरू, ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १५ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरू रहेका छन् । साथै छात्रतर्फ ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने ८ जना अर्थात् १६ प्रतिशत विद्यार्थीहरू, ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २२ जना अर्थात् ४४ प्रतिशत विद्यार्थी, ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू र ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने ३ जना अर्थात् ६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी हेर्दा सबैभन्दा बढी विद्यार्थीहरू ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत छात्राहरू रहेका छन् । यसर्थ छात्रको तुलनामा छात्राहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भ चित्रले पनि स्पष्ट पार्दछ ।

लैङ्गिक आधारमा कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको शुभकामना लेखन क्षमतालाई स्तम्भ चित्र ४ मा निम्नानुसार विश्लेषण गरिएको छ :

**स्तम्भ चित्र ४**

**लैङ्गिकताका आधारमा शुभकामना लेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७४ ।

## ५.२ छात्रहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्रहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको अध्ययनलाई तलको तालिका ९ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका ९**

**छात्रहरूको वैयक्तिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ६.५४ | ०.८४ | ६.५४ | ३० | ६० | २० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार ५० जना छात्रहरूले वैयक्तिक शुभकामना लेखनको आधारमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ६.५४ रहेको छ । मानक विचलन ०.८४ र औसत प्रतिशत ६.५४ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ३० जना अर्थात् ६० प्रतिशत रहेका छन् भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू रहेका छन् । यस आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमानभन्दा माथि ३० जना विद्यार्थी रहेकाले छात्र विद्यार्थीहरूका शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.३ छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्राहरूको शुभकामना लेखन क्षमतालाई तलको तालिका १० मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका १०**

**छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ७.२४ | ०.८२ | ७.२४ | २४ | ४८ | २६ | ५२ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार ५० जना छात्राहरूले वैयक्तिक शुभकामना लेखनको आधारमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ७.२४, मानक विचलन ०.८२ र औसत प्रतिशत ७.२४ रहेको छ । यसका आधारमा उक्त तालिकाको विश्लेषण गर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्न २४ जना अर्थात् ४८ प्रतिशत विद्यार्थीहरू छन् भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीहरू रहेको छ । यस तथ्याङ्कअनुसार छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

## ५.४ छात्र र छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना

छात्र र छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलनात्मक अवस्थालाई तलको तालिका ११ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका ११**

**छात्र र छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमता**

| लैङ्गिक आधार | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | १० | ६.५४ | ०.८४ | ३० | ६० | २० | ४० |
| छात्रा | ५० | १० | ७.२४ | ०.८२ | २४ | ४८ | २६ | ५२ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकामा वैयक्तिक शुभकामनामा ५० जना छात्र र ५० जना छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । वैयक्तिक शुभकामनाका आधारमा छात्र छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनातमक रूपमा विश्लेषण गर्दा छात्रहरूको प्राप्ताङ्कको मध्यमान ६.५४ र छात्राहरूको प्राप्ताङ्कको मध्यमान ७.२४ रहेको देखिन्छ भने मानक विचलन छात्राहरूको ०.८४ र छात्राहको ०.८२ रहेको देखिन्छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने छात्र ३० जना अर्थात् ६० प्रतिशत

रहेका छन् भने छात्रातर्फ २४ जना अर्थात् ४८ प्रतिशत रहेका छन् । त्यसैगरी मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्र २० जना अर्थात् ४० प्रतिशत रहेका छन् भने छात्रातर्फ २६ जना अर्थात् ५२ प्रतिशत रहेका छन् । यसरी समग्रमा छात्र र छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना गर्दा छात्राहरूको तुलनामा छात्रहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.५ छात्रहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता अध्ययनलाई तलको तालिका १२ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका १२**

**छात्रहरूको सार्वजनिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ६.११ | ०.९४ | ६.१ | ३१ | ६२ | १९ | ३८ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार ५० जना छात्रहरूले सार्वजनिक शुभकामना लेखनका आधारमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ६.११, मानक विचलन ०.९४ र औसत प्रतिशत ६.११ रहेको छ । उक्त तालिकालाई आधार हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ६२ प्रतिशत छात्रहरू रहेका छन् भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने १९ जना अर्थात् ३८ प्रतिशत छात्रहरू रहेका छन् । यस तथ्याङ्कअनुसार छात्रहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.६ छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्रा विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको अध्ययनलाई तलको तालिका १३ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका १३**

**छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ७.४ | ०.७३ | ७.४ | २७ | ५४ | २३ | ४६ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार ५० जना छात्राहरूले सार्वजनिक शुभकामना लेखनका आधारमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ७.४, मानक विचलन ०.७३ र औसत प्रतिशत ७.४ रहेको छ । यस तथ्याङ्कीय विश्लेषणमा अध्ययनलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत छात्राहरू रहेका छन् भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत छात्राहरू रहेका छन् । यस तथ्याङ्कअनुसार छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.७ छात्र र छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्र र छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको अध्ययनलाई तलको तालिका १४ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका १४**

**छात्र र छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमता**

| लैङ्गिक आधार | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | १० | ६.११ | ०.९४ | ३१ | ६२ | १९ | ३८ |
| छात्रा | ५० | १० | ७.४ | ०.७३ | २७ | ५४ | २३ | ४६ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकामा सार्वजनिक शुभकामनामा ५० जना छात्र र ५० जना छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । सार्वजनिक शुभकामनाका आधारमा छात्र र छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा छात्रहरूको मध्यमान ६६.११ र छात्राहरूको मध्यमान ७.४ रहेको देखिन्छ । त्यस्तै छात्रहरूको मानक विचलन ०.९४ र छात्राहरूको मानक विचलन ०.७३ रहेको देखिन्छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने छात्रहरू ३१ जना अर्थात् ६२ प्रतिशत रहेका छन् भने छात्रातर्फ २७ जना अर्थात् ५४ प्रतिशत रहेका छन् । त्यसैगरी मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने छात्रहरू १९ जना अर्थात् ३८ प्रतिशत रहेका छन् भने छात्रातर्फ २३ जना अर्थात् ४६ प्रतिशत रहेका छन् । यसरी समग्रमा छात्र र छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना गर्दा छात्राहरूको तुलनामा छात्रहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.८ निष्कर्ष

लैङ्गिक आधारमा समग्र शुभकामना लेखनमा छात्रातर्फ सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ७० देखि ७९ प्रतिशतसम्म २६ जना र छात्रतर्फ ६० देखि ६९ प्रतिशतसम्म २२ जना विद्यार्थी रहेका छन् । समग्रमा हेर्दा छात्रको तुलनामा छात्राहरूको शुभकामना लेखन क्षमता ८ प्रतिशतले उच्च रहेको देखिन्छ ।

लैङ्गिक आधारमा वैयक्तिक र सार्वजनिक शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा वैयक्तिक शुभकामना लेखनमा छात्राभन्दा छात्रहरू १२ प्रतिशतले बढी सक्षम छन् भने सार्वजनिक शुभकामना लेखनमा छात्राहरूको भन्दा ८ प्रशितले छात्रहरू बढी सक्षम छन् ।

# अध्याय छ

# भाषिक पृष्ठभूमिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता

यस अध्यायमा भाषिक पृष्ठभूमिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन गरिएको छ । दाङ जिल्लाका विभिन्न सामुदायिक र संस्थागत विद्यालयका ५० जना नेपाली पहिलोभाषी विद्यार्थीहरू र ५० जना नेपाली दोस्रोभाषी विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिई आवश्यक सूचना सङ्कलन गरिएको छ । नमुना छनोटमा परेका १० ओटा विद्यालय र १०० जना विद्यार्थीहरूबाट सङ्कलन गरिएका सूचनालाई तालिकीकरण, व्याख्या गरी नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पत्ता लगाउन वैयक्तिक र सार्वजनिक शुभकामनामा प्राप्त गरेको प्राप्ताङ्कलाई मुख्य आधार बनाइएको छ । उक्त अध्ययनलाई वैज्ञानिक वैध र विश्वसनीय बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ । यसका साथै प्राप्त तथ्याङ्कलाई स्तम्भ चित्रबाट पनि स्पष्ट पारिएको छ ।

## ६.१ समग्रमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण

भाषिक पृष्ठभूमिका आधारमा शुभकामना लेखन क्षमताको अध्ययन गर्दा नेपाली पहिलोभाषी विद्यार्थी ५० जना र नेपाली दोस्रोभाषी विद्यार्थी ५० जना गरी जम्मा १०० जना प्रतिनिधि नमुना छनोट गरिएको छ । १०० जना विद्यार्थीहरूमा गरिएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिका १४ मा निम्नानुसार प्रस्तुत गरिएको छ :

### तालिका १५

### भाषिक पृष्ठभूमिका आधारमा समग्र शुभकामना लेखन क्षमता

| भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | ६० प्रतिशतभन्दा कम | | ६०-६९ प्रतिशतसम्म | | ७०-७९ प्रतिशतसम्म | | ८० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली पहिलोभाषी | ५० | ३ | ६ | १२ | २४ | २३ | ४६ | १२ | २४ |
| नेपाली दोस्रोभाषी | ५० | ६ | १२ | १९ | ३८ | २० | ४० | ५ | १० |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिका १४ मा १०० जना विद्यार्थीहरूमा गरिएको परीक्षणमा ५० जना नेपाली पहिलोभाषी र ५० जना नेपाली दोस्रोभाषी विद्यार्थीहरू रहेका छन् । जसमा ५०/५० जना विद्यार्थीहरूको शुभकामना लेखन क्षमतालाई चार श्रेणीमा विभाजन गरिएको छ । जसमा ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने ३ जना अर्थात् ६ प्रतिशत नेपाली पहिलोभाषी विद्यार्थी रहेका छन् । त्यस्तै ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १२ जना अर्थात् २४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने १२ जना अर्थात् २४ प्रतिशत पहिलो नेपालीभाषी विद्यार्थीहरू रहेको देखिन्छ ।


उपर्युक्त तालिकाअनुसार नेपाली दोस्रोभाषी विद्यार्थीहरूको जम्मा सङ्ख्या ५० जना विद्यार्थीहरूको शुभकामना लेखन क्षमतालाई पनि चार श्रेणीमा विभाजन गरिएको छ । जसमा ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने ६ जना अर्थात् १२ प्रतिशत दोस्रोभाषी विद्यार्थीहरू रहेको देखिन्छ । त्यस्तै ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । त्यसैगरी ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने ५ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ ।

उपर्युक्त तालिकाअनुसार नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूले शुभकामना लेखनमा प्राप्त गरेको अङ्कलाई तुलना गर्दा नेपाली पहिलोभाषीका ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने ३ जना अर्थात् ६ प्रतिशत रहेको देखिन्छ भने नेपाली दोस्रोभाषी ६ जना अर्थात् १२ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । त्यस्तै नेपाली पहिलोभाषीका ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १२ जना अर्थात् २४ प्रतिशत रहेको देखिन्छ भने नेपाली दोस्रोभाषी १९ जना अर्थात् ३८ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने नेपाली पहिलोभाषी २३ जना अर्थात् ४६ प्रतिशत रहेको देखिन्छ भने नेपाली दोस्रोभाषी २० जना अर्थात् ४० प्रतिशत रहेको देखिन्छ भने ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने नेपाली पहिलोभाषी १२ जना अर्थात् २४ प्रतिशत रहेको देखिन्छ र नेपाली दोस्रोभाषी ५ जना अर्थात् १० प्रतिशत विद्यार्थी रहेको देखिन्छ । समग्रमा भन्दा भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली पहिलोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भ चित्रले पनि स्पष्ट पार्दछ ।

भाषिक पृष्ठभूमिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमतालाई तलको स्तम्भ चित्र ५ मा स्पष्ट पारिएको छ :

**स्तम्भ चित्र ५**

**भाषिक पृष्ठभूमिका आधारमा शुभकामना लेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७४

## ६.२ नेपलाी पहिलोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत नेपाली पहिलोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमतालाई तलको तालिका १६ मा निम्नानुसार प्रस्ट पारिएको छ :

**तालिका १६**

**नेपाली पहिलोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ७.०९ | ०.८५ | ७.०९ | २३ | ४६ | २७ | ५४ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार ५० जना नेपाली पहिलोभाषी विद्यार्थीहरूले वैयक्तिक शुभकामना लेखनका आधारमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ७.०९, मानक विचलन ०.८५ र औसत प्रतिशत ७.०९ रहेको देखिन्छ । उक्त तालिकामा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्न २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । यसर्थ नेपाली पहिलोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता मध्यम रहेको देखिन्छ ।

## ६.३ नेपाली दोस्रोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमतालाई तलको तालिका १७ मा निम्नानुसार स्पष्ट पारिएको छ :

तालिका १७

**नेपाली दोस्रोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ६.७९ | १.०६ | ६.७९ | २४ | ४२ | २६ | ५२ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार ५० जना नेपाली दोस्रोभाषी विद्यार्थीहरूले वैयक्तिक शुभकामना लेखनका आधारमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ६.७९, मानक विचलन १.०९, औसत प्रतिशत ६.७९ रहेको छ । उक्त तालिकामा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने २४ जना अर्थात् ४८ प्रतिशत नेपाली दोस्रोभाषी विद्यार्थी रहेका छन् भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत नेपाली दोस्रोभाषी विद्यार्थीहरू रहेको देखिन्छ । यसर्थ नेपाली दोस्रोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता मध्यम रहेको देखिन्छ ।

## ६.४ नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलनात्मक अध्ययन तलको तालिका १.८ मा निम्नानुसार स्पष्ट पारिएको छ :

### तालिका १८

### नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना

| भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली पहिलोभाषी | ५० | १० | ७.०९ | ०.८५ | २३ | ४६ | २७ | ५४ |
| नेपाली दोस्रोभाषी | ५० | १० | ६.७९ | १.०६ | २४ | ४८ | २६ | ५२ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार वैयक्तिक शुभकामनामा नेपाली पहिलो भाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । वैयक्तिक शुभकामनाका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७.०९ र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ६.७९ रहेको छ । त्यस्तै नेपाली पहिलोभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मानक विचलन ०.८५ र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मानक विचलन १.०६ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने नेपाली पहिलोभाषी विद्यार्थीहरू २३ जना अर्थात् ४६ प्रतिशत रहेको छ भने नेपाली दोस्रोभाषी २४ जना अर्थात् ४८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने नेपाली पहिलोभाषी २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने नेपाली दोस्रोभाषी २६ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्रमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता नेपाली पहिलो भाषीको तुलनामा नेपाली दोस्रोभाषी विद्यार्थीको राम्रो रहेको देखिन्छ ।

## ६.५ नेपाली पहिलोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको अध्ययनलाई तलको तालिका १९ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका १९**

**नेपाली पहिलोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ७.०५ | ०.८५ | ७.०५ | १९ | ३८ | ३१ | ६२ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार ५० जना नेपाली पहिलोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखनका आधारमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ७.०५, मानक विचलन ०.६५ र औसत प्रतिशत ७.०५ रहेको छ । उक्त तालिकामा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने १९ जना अर्थात् ३८ प्रतिशत नेपाली पहिलोभाषी विद्यार्थीहरू रहेका छन् भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ६२ प्रतिशत नेपाली पहिलोभाषी विद्यार्थीहरू रहेका छन् । यसर्थ नेपाली पहिलोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता कमजोर रहेको देखिन्छ ।

## ६.६ नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता

दाङ जिल्ला कक्षा एघारमा अध्ययननरत विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको अध्ययनलाई तलको तालिका २० मा निम्नानुसार स्पष्ट पारिएको छ :

तालिका २०

नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ६.९१ | ०.९१ | ६.९१ | २९ | ५८ | २१ | ४२ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार ५० जना नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखनका आधारमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ६.९१, मानक विचलन ०.९१ र औसत प्रतिशत ६.९१ रहेको देखिन्छ । उक्त तालिकामा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने २९ जना अर्थात् ५८ प्रतिशत नेपाली दोस्रोभाषी विद्यार्थीहरू रहेका छन् । त्यसैगरी मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने २१ जना अर्थात् ४२ प्रतिशत नेपाली दोस्रोभाषी विद्यार्थीहरू रहेका छन् । यसर्थ नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.७ नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना

दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलनात्मक अध्ययन तलको तालिका २१ मा निम्नानुसार स्पष्ट पारिएको छ ।

## तालिका २१

### नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना

| भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली पहिलोभाषी | ५० | १० | ७.०५ | ०.८५ | १९ | ३८ | ३१ | ६२ |
| नेपाली दोस्रोभाषी | ५० | १० | ६.९१ | ०.९१ | २९ | ५८ | २१ | ४२ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकामा सार्वजनिक शुभकामनामा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । सार्वजनिक शुभकामनाका आधारमा शुभकामना लेखन क्षमतालाई नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको मध्यमान ७.०५ र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान ६.९१ रहेको छ । त्यस्तै नेपाली पहिलोभाषी विद्यार्थीहरूको औसत प्रतिशत ७.०५ र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको ६.९१ रहेको छ । त्यसैगरी नेपाली पहिलोभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मानक विचलन ०.८५ रहेको छ भने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मानक विचलन ०.९१ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने नेपाली पहिलोभाषी विद्यार्थीहरू १९ जना अर्थात् ३८ प्रतिशत रहेको छ भने नेपाली दोस्रोभाषी विद्यार्थीहरू २९ जना अर्थात् ५८ प्रतिशत रहेको छ । मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने नेपाली पहिलोभाषी विद्यार्थीहरू ३१ जना अर्थात् ६२ प्रतिशत रहेका छन् भने नेपाली दोस्रोभाषी २१ जना अर्थात् ४२ प्रतिशत विद्याथर्थीहरू रहेको छ । यसरी समग्रमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.८ निष्कर्ष

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली पहिलोभाषी विद्यार्थीहरूको शुभकामना लेखनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ७० देखि ७९ प्रतिशतसम्म २३ जना र नेपाली दोस्रोभाषी विद्यार्थीहरूतर्फ ७० देखि ७९ प्रतिशतसम्म २० जना विद्यार्थीहरू रहेका छन् । समग्रमा हेर्दा नेपाली दोस्रोभाषीको तुलनामा नेपाली पहिलोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमता ६ प्रतिशतले उच्च रहेको स्पष्ट देखिन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा वैयक्तिक र सार्वजनिक शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा वैयक्तिक शुभकामना लेखनमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा २ प्रतिशतले दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा सक्षम छन् । सार्वजनिक शुभकामना लेखनमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा २० प्रतिशतले नेपाली दोस्रोभाषी विद्यार्थीहरू बढी सक्षम रहेको पाइयो ।

## अध्याय सात

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमता

यस अध्यायमा विद्यालय प्रकृतिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन गरिएको छ । शोधप्रस्तावमा उल्लेख गरिएको शीर्षकअन्तर्गत रहेर दाङ जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरूका १०० जना विद्यार्थीहरूबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । नमुना छनोटमा परेका १० वटा विद्यालयहरूबाट सङ्कलन गरिएका सूचनालाई तालिकीकरण, व्याख्या गरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक र सार्वजनिक शुभकामना लेखन क्षमता पत्ता लगाइएको छ । उक्त अध्ययनलाई वैज्ञानिक वैध र विश्वसनीय बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान, मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ । यसका साथै प्राप्त तथ्याङ्कलाई स्तम्भ चित्रबाट पनि स्पष्ट पारिएको छ ।

### ७.१ समग्रमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण

भाषिक पृष्ठभूमिका आधारमा दाङ जिल्लाका १०० जना प्रतिनिधि नमुना छनोटमा परेका विद्यार्थीहरूको समग्र शुभकामना लेखन क्षमताको अध्ययनलाई तलको तालिका २२ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका २२**

**समग्रमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमता**

| विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | ६० प्रतिशतभन्दा कम | | ६०-६९ प्रतिशतसम्म | | ७०-७९ प्रतिशतसम्म | | ८० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ६ | १२ | १३ | २६ | २२ | ४४ | ९ | १८ |
| संस्थागत | ५० | ३ | ६ | १७ | ३४ | २१ | ४२ | ९ | १८ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार १०० जना विद्यार्थीहरूमा गरिएको परीक्षणमा ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरू र ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू रहेका छन् । जसमा ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमतालाई चार श्रेणीमा विभाजन गरिएको छ । जसमा ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्न ६ जना अर्थात् १२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यस्तै ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १२ जना अर्थात् २६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २२ जना अर्थात् ४४ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने ९ जना अर्थात् १८ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।


तालिकाअनुसार संस्थागत विद्यालयतर्फ ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने ३ जना अर्थात् ६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १७ जना अर्थात् ३४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । ७०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २१ जना अर्थात् ४२ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने ९ जना अर्थात् १८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ ।

उक्त तालिकाअनुसार सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले शुभकामना लेखनमा प्राप्त गरेको अङ्कलाई तुलना गर्दा सामुदायिक विद्यालयमा ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने ६ जना अर्थात् १२ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने संस्थागत विद्यालयमा ३ जना अर्थात् ६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसै सामुदायिक विद्यालयमा ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १३ जना अर्थात् २६ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयमा १७ जना अर्थात् ३४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयमा २२ जना अर्थात् ४४ प्रतिशत रहेको देखिन्छ भने संस्थागत विद्यालयमा २१ जना अर्थात् ४२ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयमा ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने ९ जना अर्थात् १८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने संस्थागत विद्यालयमा पनि ९ जना अर्थात् १८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । समग्रमा भन्दा विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भ चित्रले पनि स्पष्ट पार्न सकिन्छ ।

विद्यालय प्रकृतिका आधारमा दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको शुभकामना लेखन क्षमतालाई तलको स्तम्भ चित्र ६ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**स्तम्भ चित्र ६**

**विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७४ ।

## ७.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता

दाङ जिल्लाका सामुदायिक विद्यालयका कक्षा एघारमा अध्ययनरत ५० जना विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको अध्ययनलाई तलको तालिका २३ मा निम्नानुसार स्पष्ट पारिएको छ :

### तालिका २२

### सामुदायिक विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ६.८५ | ०.९१ | ६.८५ | २७ | ५४ | २३ | ४६ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूले वैयक्तिक शुभकामना लेखनमा प्राप्त गरेको अङ्कको समग्र मध्यमान ६.८५, मानक विचलन ०.९१ र औसत प्रतिशत ६.८५ रहेको देखिन्छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २७ जना अर्थात् ५४ प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २३ जना अर्थात् ४६ प्रतिशत रहेको छ । यसर्थ सामुदायिक विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.३ संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता

दाङ जिल्लाका संस्थागत विद्यालयका कक्षा एघारमा अध्ययरत ५० जना विद्यार्थीहरूको संस्थागत शुभकामना लेखन क्षमतालाई तलको तालिका २४ मा निम्नानुसार स्पष्ट पारिएको छ :

### तालिका २४

### संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ५.९६ | १.१६ | ९.९६ | ४४ | ८८ | ६ | १२ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूले वैयक्तिक शुभकामना लेखनमा प्राप्त गरेको अङ्कको समग्र मध्यमान ५.९६, मानक विचलन १.१६ र औसत प्रतिशत ५.९६ रहेको देखिन्छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ४४ जना अर्थात् ८८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ६ जना अर्थात् १२ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । यसर्थ संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता उच्च रहेको देखिन्छ ।

## ७.४ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता

दाङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलनात्मक अध्ययनलाई तलको तालिका २५ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका २५**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता**

| विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १० | ६.८५ | ०.९१ | २७ | ५४ | २३ | ४६ |
| संस्थागत | ५० | १० | ५.९६ | १.१६ | ४४ | ८८ | ६ | १२ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकामा वैयक्तिक शुभकामनामा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । वैयक्तिक शुभकामनाका आधारमा सामुदायिक विद्यालयका ५० जना र संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ६.८५ र संस्थागत विद्यालयका

विद्यार्थीहरूको ५.९६ रहेको देखिन्छ । त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.९१ रहेको देखिन्छ भने संस्थागत विद्यालयको १.१६ रहेको देखिन्छ । यस आधारमा भने सामुदायिक विद्यालयको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने संस्थागत विद्यालयका ४४ जना अर्थात् ८८ प्रतिशत रहेको देखिन्छ भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयमा २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने संस्थागत विद्यालयमा ६ जना अर्थात् १२ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ७.५ सामुदायिक विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता

दाङ जिल्लाका सामुदायिक विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको अध्ययनलाई तलको तालिका २६ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका २६**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ६.८८ | ०.९४ | ६.८८ | २७ | ५४ | २३ | ४६ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूले सार्वजनिक शुभकामना लेखनमा प्राप्त गरेको अङ्कको समग्र मध्यमान ६.८८, मानक विचलन ०.९४ र औसत प्रतिशत ६.८८ रहेको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने २७

जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । यसर्थ सामुदायिक विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.६ संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता

दाङ जिल्लाका संस्थागत विद्यालयका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको अध्ययनलाई तलको तालिका २७ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका २७**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ७.०७ | ०.८७ | ७.०७ | २१ | ४२ | २९ | ५८ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूले सार्वजनिक शुभकामना लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको समग्र मध्यमान ७.०७, मानक विचलन ०.८७ र औसत प्रतिशत ७.०७ रहेको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने २१ जना अर्थात् ४२ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २९ जना अर्थात् ५८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । यसर्थ समग्रमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता कमजोर रहेको देखिन्छ ।

## ७.७ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना

दाङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलनात्मक अध्ययनलाई तलको तालिका २८ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका २८**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना**

| विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १० | ६.८८ | ०.९४ | २७ | ५४ | २३ | ४६ |
| संस्थागत | ५० | १० | ७.०७ | ०.८७ | २१ | ४२ | २९ | ५८ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकामा सार्वजनिक शुभकामनामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । सार्वजनिक शुभकामनाका आधारमा सामुदायिक विद्यालयका ५० जना र संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ६.८८ र संस्थागत विद्यालयका विद्यार्थीहरूको ७.०७ रहेको देखिन्छ । त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.९४ र संस्थागत विद्यालयका विद्यार्थीहरूको ०.८७ मानक विचलन रहेको देखिन्छ । यस आधारमा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने संस्थागत विद्यालयका २१ जना अर्थात् ४२ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । मध्यमानभन्दा कम

अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने संस्थागत विद्यालयका २९ जना अर्थात् ५८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ ।

समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना गर्दा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.८ समग्रमा संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत छात्र र छात्राहरूको शुभकामना लेखन क्षमताको तुलना

दाङ जिल्लाका संस्थागत र सामुदायिक विद्यालयका कक्षा एघारमा अध्ययनरत ५० जना छात्र र ५० जना छात्राको समग्र शुभकामना लेखन क्षमताको तुलनात्मक अध्ययनलाई तलको तालिका २९ मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका २९**

**संस्थागत र सामुदायिक विद्यालयका छात्र र छात्राको शुभकामना लेखन क्षमता**

| विद्यालय प्रकृति | लैङ्गिक आधार | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | छात्रा | २५ | २० | १४.६८ | १.३८ | ११ | ४४ | १४ | ५६ |
| | छात्र | २५ | २० | १२.८४ | १.३८ | १७ | ६८ | ८ | ३२ |
| संस्थागत | छात्रा | २५ | २० | १४.६ | १.२३ | १४ | ५६ | ११ | ४४ |
| | छात्र | २५ | २० | १३.३६ | १.५२ | ११ | ४४ | १४ | ५६ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार सामुदायिक र संस्थागत विद्यालयका आधारमा छात्रा र छात्रहरूको शुभकामना लेखन क्षमताको विश्लेषण गरिएको छ । उक्त तालिकाअनुसार

सामुदायिक विद्यालयका २५ जना छात्रा विद्यार्थीहरूले शुभकामना लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्मयान १४.६८ रहेको छ भने २५ जना छात्रहरूको प्राप्ताङ्कको मध्यमान १२.८४ रहेको छ । त्यसैगरी छात्राहरूको प्राप्ताङ्कको मानक विचलन १.३८ रहेको छ भने छात्रहरूको १.३८ रहेको छ । उक्त तालिकाअनुसार मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने छात्रा ११ जना अर्थात् ४४ प्रतिशत रहेका छन् भने छात्रतर्फ १७ जना अर्थात् ६८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्रा १४ जना अर्थात् ५६ प्रतिशत रहेका छन् भने छात्रतर्फ ८ जना अर्थात् ३२ प्रतिशत रहेका छन् । यसर्थ सामुदायिक विद्यालयमा अध्ययनरत छात्रा विद्यार्थीहरूको तुलनामा २० प्रतिशतले छात्रहरूको शुभकामना लेखन क्षमता उच्च रहेको देखिन्छ ।

उक्त तालिकाअनुसार संस्थागत विद्यालयका २५ जना छात्रा विद्यार्थीहरूले शुभकामना लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १४.६ रहेको छ भने २५ जना छात्रहरूको प्राप्ताङ्कको मध्यमान १३.३६ रहेको छ । त्यस्तै छात्राहरूको प्राप्ताङ्कको मानक विचलन १.२३ रहेको छ भने छात्रहरूको १.५२ रहेको छ । उक्त तालिकाअनुसार मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने छात्रा १४ जना अर्थात् ५६ प्रतिशत रहेका छन् भने छात्रतर्फ ११ जना अर्थात् ४४ प्रतिशत रहेका छन् । त्यसैगरी मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्रा ११ जना अर्थात् ४४ प्रतिशत रहेका छन् भने छात्रतर्फ १४ जना अर्थात् ५६ प्रतिशत रहेका छन् । यसर्थ संस्थागत विद्यालयमा अध्ययनरत छात्र विद्यार्थीको तुलनामा छात्राहरूको शुभकामना लेखन क्षमता १२ प्रतिशतले राम्रो रहेको देखिन्छ ।

उक्त तालिकाअनुसार सामुदायिक र संस्थागत विद्यालयमा छात्रा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत र छात्राहरूको शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान १४.६८ रहेको छ भने संस्सथागत विद्यालयका छात्राहरूको प्राप्ताङ्कको मध्यमान १४.६ रहेको छ । त्यस्तै सामुदायिक विद्यालयका छात्राहरूको प्राप्ताङ्कको मानक विचलन १.३८ रहेको छ भने संस्थागत विद्यालयका छात्राहरूको मानक विचलन १.२३ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका छात्रा ११ जना अर्थात् ४४ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका छात्रा १४ जना अर्थात् ५६ प्रतिशत रहेका छन् । त्यसैगरी मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका छात्राहरू १४ जना अर्थात् ५६ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका छात्राहरू ११ जना अर्थात् ४४ प्रतिशत रहेका छन् । यसर्थ

सामुदायिक विद्यालयमा अध्ययनरत छात्रहरूको तुलनामा संस्थागत विद्यालयका छात्राहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

उक्त तालिकाअनुसार सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूको शुभकामना लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्दा सामुदायिक विद्यालयका छात्रहरूको प्राप्ताङ्कको मध्यमान १२.८४ रहेको छ भने संस्थागत विद्यालयका छात्रहरूको मध्यमान १३.३६ रहेको छ । त्यस्तै सामुदायिक विद्यालयका छात्रहरूको प्राप्ताङ्कको मानक विचलन १.३८ रहेको छ भने संस्थागत विद्यालयका छात्रहरूको मानक विचलन १.५२ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका छात्रहरू १७ जना अर्थात् ६८ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयतर्फ ११ जना अर्थात् ४४ प्रतिशत रहेका छन् । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका छात्रहरू ८ जना अर्थात् ३२ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयतर्फ १४ जना अर्थात् ५६ प्रतिशत छात्रहरू रहेका छन् । यसर्थ संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका छात्रहरूको शुभकामना लेखन क्षमता उच्च रहेको देखिन्छ ।

## ७.९ विद्यालय प्रकृतिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीको शुभकामना लेखन क्षमता

दाङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा एघारमा अध्ययनरत नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको तुलनात्मक अध्ययनलाई तलको तालिका ३० मा निम्नानुसार स्पष्ट पारिएको छ :

**तालिका ३०**

**विद्यालय प्रकृतिको आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमता**

| विद्यालय प्रकृति | लैङ्गिक आधार | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | पहिलोभाषी | २५ | २० | १३.७२ | १.६१ | १५ | ६० | १० | ४० |
| | दोस्रोभाषी | २५ | २० | १३.७२ | १.७२ | १५ | ६० | १० | ४० |
| संस्थागत | पहिलोभाषी | २५ | २० | १४.४८ | १.४८ | १४ | ५६ | ११ | ४४ |
| | दोस्रोभाषी | २५ | २० | १३.४८ | १.४५ | ११ | ४४ | १४ | ५६ |

स्रोत : स्थलगत अध्ययन, २०७४ ।

उपर्युक्त तालिकाअनुसार सामुदायिक र संस्थागत विद्यालयका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयका २५ जना पहिलोभाषी नेपाली विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १३.७२ रहेको छ भने दोस्रोभाषी नेपाली विद्यार्थीहरूको मध्यमान १३.७२ रहेको छ । मानक विचलन नेपाली पहिलोभाषीको १.६१ रहेको छ भने नेपाली दोस्रोभाषी विद्यार्थीको १.७२ रहेको छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरू १५.१५ जना अर्थात् ६०/६० प्रतिशत रहेका छन् भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरू १०/१० जना अर्थात् ४०/४० प्रतिशत रहेका छन् । यसर्थ सामुदायिक विद्यालयका नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमता समान रहेको देखिन्छ ।

उक्त तालिकाअनुसार संस्थागत विद्यालयका नेपाली पहिलोभाषी विद्यार्थीहरूको शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान १४.४८ रहेको छ भने नेपाली दोस्रोभाषी विद्यार्थीको मध्यमान १३.४८ रहेको छ । मानक विचलन नेपाली पहिलोभाषी १.४ रहेको छ

भने नेपाली दोस्रोभाषीको १.४५ रहेको छ । मध्यमानभन्दा कम अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थी १४ जना अर्थात् ५६ प्रतिशत रहेका छन् भने नेपाली दोस्रोभाषी ११ जना अर्थात् ४४ प्रतिशत रहेका छन् । त्यसैगरी मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने नेपाली पहिलोभाषी ११ जना अर्थात् ४४ प्रतिशत रहेका छन् भने नेपाली दोस्रोभाषी १४ जना अर्थात् ५६ प्रतिशत रहेका छन् । यसर्थ संस्थागत विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीको तुलनामा नेपाली पहिलोभाषी विद्यार्थीको शुभकामना लेखन क्षमता १२ प्रतिशतले राम्रो देखिन्छ ।

उक्त तालिकाअनुसार संस्थागत र सामुदायिक विद्यालयका नेपाली पहिलोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयका नेपाली पहिलोभाषी विद्यार्थीहरूको शुभकामना लेखनको प्राप्त प्राप्ताङ्कको मध्यमान १३.७२, मानक विचलन १.६१ रहेको छ भने संस्थागत विद्यालयतर्फ प्राप्ताङ्कको मध्यमान १४.४८, मानक विचलन १.४८ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका नेपाली पहिलोभाषी विद्यार्थीहरू १५ जना अर्थात् ६० प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका नेपाली पहिलोभाषी विद्यार्थीहरू १४ जना अर्थात् ५६ प्रतिशत रहेका छन् । मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयतर्फ १० जना अर्थात् ४० प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयतर्फ ११ जना अर्थात् ४४ प्रतिशत नेपाली पहिलोभाषी विद्यार्थीहरू रहेका छन् । यसर्थ संस्थागत विद्यालयका नेपाली पहिलोभाषी विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका नेपाली पहिलोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमता ४ प्रतिशतले राम्रो रहेको देखिन्छ ।

उक्त तालिकाअनुसार संस्थागत र सामुदायिक विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीहरूको शुभकामना लेखनको प्राप्त प्राप्ताङ्कको मध्यमान १३.७२, मानक विचलन १.७२ रहेको छ भने संस्थागत विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १३.४८, मानक विचलन १.४५ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त सामुदायिक विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थी १५ जना अर्थात् ६० प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयतर्फ ११ जना ४४ प्रतिशत नेपाली दोस्रोभाषी विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने १० जना अर्थात् ४० प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयमा १४ जना अर्थात् ५६ प्रतिशत रहेका छन् । यसर्थ संस्थागत

विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमता १६ प्रतिशतले राम्रो रहेको देखिन्छ ।

## ७.१० निष्कर्ष

विद्यालय प्रकृतिका आधारमा समग्र शुभकामना लेखनमा सामुदायिक विद्यालयतर्फ सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ७० देखि ७९ प्रतिशतसम्म २२ जना र संस्थागत विद्यालयतर्फ २१ जना विद्यार्थीहरू रहेका छन् । समग्रमा हेर्दा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमता २ प्रतिशतले उच्च रहेको देखिन्छ ।

विद्यालय प्रकृतिका आधारमा वैयक्तिक र सार्वजनिक शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा वैयक्तिक शुभकामना सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू ३४ प्रतिशतले बढी सक्षम छन् भने सार्वजनिक शुभकामना लेखन क्षमता संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू १२ प्रतिशतले बढी सक्षम रहेको देखिन्छ ।

विद्यालय प्रकृतिका आधारमा छात्र र छात्राको समग्र शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा सामुदायिक विद्यालयका छात्राको तुलनामा छात्रहरू २० प्रतिशतले बढी सक्षम देखिन्छ भने संस्थागत विद्यालयतर्फ छात्रहरूको तुलनामा छात्राहरूको १२ प्रतिशतले बढी सक्षम रहेको देखिन्छ ।

विद्यालय प्रकृतिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको समग्र शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा सामुदायिक विद्यालयका पहिलोभाषी नेपालीको र दोस्रोभाषी नेपाली विद्यार्थीहरूको शुभकामना लेखन क्षमता समान रहेको देखिन्छ । संस्थागत विद्यालयका नेपाली दोस्रोभाषीको तुलनामा नेपाली पहिलोभाषी १२ प्रतिशतले बढी सक्षम रहेको देखिन्छ ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधकार्यमा 'दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता'को विश्लेषण गरिएको छ । यस शोधकार्य जम्मा आठ अध्यायमा विभाजन गरिएको छ ।

अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधकार्यको सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमा, शोधपत्रको रूपरेखा जस्ता उपशीर्षकहरूको चर्चा गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाको परिचय रहेको छ । पूर्वकार्यको समीक्षाअन्तर्गत विभिन्न समयमा प्रकाशित पुस्तकहरू र शोधकार्यहरूको अध्ययनबाट प्राप्त सैद्धान्तिक अवधारणाहरूको व्याख्या विश्लेषण गरिएको छ । त्यसैगरी शुभकामनाको परिचय, प्रकार, महत्त्व उल्लेख गरी चर्चा गरिएको छ ।

अध्याय तिनमा शोध विधि र प्रक्रिया शीर्षक दिई जसमा अध्ययन विधि, अध्ययन प्रक्रिया, जनसङ्ख्या पहिचान तथा क्षेत्र, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका स्रोत प्राथमिक र द्वितीयक स्रोत, उपकरण निर्माण, परीक्षणको कार्यान्वयन, तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रियाबारे उल्लेख गरिएको छ ।

अध्याय चारमा समग्रमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमतालाई विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । त्यसैगरी उक्त प्राप्ताङ्कलाई स्तम्भ चित्रमा पनि देखाइएको छ । समग्रमा प्राप्ताङ्कको मध्यमान १३.३ आएको छ र मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ६१ जना र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २९ जना विद्यार्थीहरू रहेका छन् । मध्यमानका आधारमार समग्र शुभकामना लेखन क्षमता राम्रो रहेको पाइन्छ । समग्रमा व्यक्तिगत शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान ६.८९ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ५६ र कम अङ्क प्राप्त गर्ने ४४ जना रहेकाले व्यक्तिगत शुभकामना लेखन क्षमता राम्रो रहेको छ । समग्रमा सार्वजनिक शुभकामना

लेखनको मध्यमान ६.९८ रहेको छ । मध्यमानभन्दा बढी ६१ जना कम ३९ जना रहेकोले सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

अध्याय पाँचमा लैङ्गिक आधारमा शुभकामना लेखन क्षमताको अध्ययन गरिएको छ । सम्पूर्ण छात्र र छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकीकरण गरिएको छ । सबैभन्दा बढी अङ्क प्राप्त गर्ने छात्राहरू ७० देखि ७९ प्रतिशतसम्म २६ जना र छात्रतर्फ ६० देखि ६७ प्रतिशतसम्म २२ जना रहेका छन् । यसर्थ छात्राहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको छ । मध्यमानका आधारमा छात्राहरूको वैयक्तिक शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान ७.२४ रहेको छ । मध्यमानभन्दा माथि २४ जना र कम २६ जना विद्यार्थीहरू रहेकाले छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमता सन्तोषजनक रहेको छ भने छात्रहरूको मध्यमान ६.५४ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने २० जना र कम ३० जना विद्यार्थीहरू रहेकाले वैयक्तिक शुभकामना लेखन क्षमता छात्रको कमजोर रहेको छ । वैयक्तिक शुभकामना लेखन क्षमता छात्रको तुलनामा छात्राहरूको राम्रो रहेको छ । सार्वजनिक शुभकामनाको मध्यमान छात्राहरूको ७.४ रहेको छ भने मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने २७ जना र कम २३ जना रहेका छन् भने छात्रहरूको मध्यमान ६.११ रहेको छ । मध्यमानभन्दा माथि ३१ जना र कम १९ जना रहेका छन् । सार्वजनिक शुभकामना लेखन क्षमता छात्राको तुलनामा छात्रको राम्रो रहेको पाइन्छ ।

अध्याय छमा भाषिक पृष्ठभूमिका आधारमा समग्र शुभकामना लेखन क्षमताको अध्ययन गरिएको छ । सम्पूर्ण पहिलोभाषी नेपाली र दोस्रोभाषी नेपाली विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकीकरण गरिएको छ । सबैभन्दा बढी अङ्क प्राप्त गर्ने पहिलोभाषी नेपाली विद्यार्थीहरू ७० देखि ७९ प्रतिशतसम्म २३ जना र दोस्रोभाषी नेपाली २० जना रहेका छन् । पहिलोभाषी नेपालीको शुभकामना लेखन क्षमता राम्रो रहेको छ । पहिलोभाषी नेपालीको वैयक्तिक शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान ७.०९ रहेको छ । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २३ जना र कम २७ जना रहेका छन् भने दोस्रोभाषी नेपालीको प्राप्ताङ्कको मध्यमान ६.७९ रहेको छ । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २९ जना र कम २६ जना रहेका छन् । वैयक्तिक शुभकामना लेखन क्षमता पहिलोभाषी नेपालीको तुलनामा दोस्रोभाषी नेपाली विद्यार्थीहरूको राम्रो रहेको देखिन्छ । सार्वजनिक शुभकामनाको मध्यमान पहिलोभाषी नेपालीको ७.०५ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने १९ जना र कम ३१ जना रहेका छन् भने दोस्रोभाषी नेपालीको प्राप्ताङ्कको

मध्यमान ६.९१ रहेको छ । मध्यमानभन्दा बढी २९ जना र कम २१ जना रहेका छन् । सार्वजनिक शुभकामना लेखन क्षमता पहिलोभाषी नेपालीको तुलनामा दोस्रोभाषी नेपालीको राम्रो रहेको छ ।

अध्याय सातमा विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको अध्ययन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कलाई तालिकीकरण गरिएको छ । सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूमा ७० देखि ७९ प्रतिशतसम्म २२ जना र संस्थागत विद्यालयका विद्यार्थीहरूमा ७० देखि ७९ प्रतिशतसम्म २१ जना रहेका छन् । संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान ६.८५ रहेको छ । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २७ जना र कम २३ जना रहेका छन् । सामुदायिक विद्यालयको विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखनको मध्यमान ५.९६ रहेको छ । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ४४ जना र कम प्राप्त गर्ने ६ जना रहेका छन् । वैयक्तिक शुभकामना लेखन क्षमता संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्च रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान ६.८८ रहेको छ । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २७ जना र कम प्राप्त गर्ने २३ जना रहेका छन् । संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान ७.०७ रहेको छ । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २१ जना र कम प्राप्त गर्ने २९ जना रहेका छन् । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

संस्थागत र सामुदायिक विद्यालयका छात्र र छात्राहरूको शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान संस्थागत विद्यालयका छात्रहरूको १३.३६ रहेको छ भने छात्राहरूको १४.६ रहेको छ । संस्थागत विद्यालयका छात्रहरूको मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ११ जना र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने १४ जना रहेका छन् भने छात्रातर्फ मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने १४ जना र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ११ जना छात्रा विद्यार्थीहरू रहेका छन् । यसर्थ संस्थागत विद्यालयका छात्रको तुलनामा

छात्राहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको पाइन्छ । सामुदायिक विद्यालयका छात्रहरूको प्राप्ताङ्क मध्यमान १२.८४ रहेको छ भने छात्राहरूको प्राप्ताङ्क मध्यमान १४.६८ रहेको छ । छात्रतर्फ मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने १७ जना र कम अङ्क प्राप्त गर्ने ८ जना रहेका छन् भने छात्रातर्फ मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ११ जना र कम अङ्क प्राप्त गर्ने १४ जना रहेका छन् । सामुदायिक विद्यालयमा छात्राको तुलनामा छात्रको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयका पहिलोभाषी नेपाली र दोस्रोभाषी नेपालीको शुभकामना लेखनको प्राप्ताङ्कको मध्यमान सामुदायिक विद्यालयका पहिलोभाषी नेपाली विद्यार्थीको १३.७२ रहेको छ भने दोस्रोभाषी नेपाली विद्यार्थीको १३.७२ रहेको छ । पहिलोभाषी नेपाली विद्यार्थीहरू मध्यमानभन्दा माथि १५ जना र कम १० जना रहेका छन् भने दोस्रोभाषी नेपाली विद्यार्थीहरू मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने १५ जना र कम १० जना रहेकाले सामुदायिक विद्यालयका नेपाली पहिलोभाषी र दोस्रोभाषी नेपालीको शुभकामना लेखन क्षमता समान रहेको पाइन्छ । संस्थागत विद्यालयका पहिलोभाषी नेपाली विद्यार्थीको प्राप्ताङ्कको मध्यमान १४.४८ रहेको छ भने दोस्रोभाषी नेपाली विद्यार्थीको प्राप्ताङ्कको मध्यमान १३.४८ रहेको छ । नेपाली पहिलोभाषी विद्यार्थीहरू मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने १४ जना र कम अङ्क प्राप्त गर्ने ११ जना रहेका छन् भने दोस्रोभाषी नेपाली विद्यार्थीहरू मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ११ जना र कम अङ्क प्राप्त गर्ने १४ जना रहेकाले संस्थागत विद्यालयमा दोस्रोभाषी नेपाली विद्यार्थीको तुलनामा पहिलोभाषी नेपाली विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ८.२ निष्कर्ष

उपर्युक्त अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

१.(क) समग्र शुभकामना लेखन क्षमताको अध्ययन गर्दा कुल १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको थियो । यसमा २० पूर्णाङ्कको परीक्षा सञ्चालन गरिएको थियो । यसमा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । यसअन्तर्गत ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सबैभन्दा बढी विद्यार्थी ४३ जना रहेका छन् । यसर्थ ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको

सङ्ख्या उच्च रहेकाले समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थिति उच्च रहेको स्पष्ट देखिन्छ ।

(ख) समग्रमा मध्यमानलाई आधार मानेर शुभकामना लेखन क्षमताको अध्ययन गर्दा १३.३ मध्यमान रहेको छ । मध्यमानभन्दा माथि ६१ जना अर्थात् ६१ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने मध्यमानभन्दा तल ३९ जना अर्थात् ३९ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्रमा शुभकामना लेखन क्षमता राम्रो रहेको छ ।

२.(क) लैङ्गिक आधारमा समग्र शुभकामना लेखनमा छात्रातर्फ सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ७० देखि ७९ प्रतिशतसम्म २६ जना र छात्रतर्फ ६० देखि ६९ प्रतिशतसम्म २२ जना विद्यार्थी रहेका छन् । समग्रमा हेर्दा छात्रको तुलनामा छात्राहरूको शुभकामना लेखन क्षमता ८ प्रतिशतले उच्च रहेको देखिन्छ ।

(ख) लैङ्गिक आधारमा वैयक्तिक र सार्वजनिक शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा वैयक्तिक शुभकामना लेखनमा छात्राभन्दा छात्रहरू १२ प्रतिशतले बढी सक्षम छन् भने सार्वजनिक शुभकामना लेखनमा छात्राहरूको भन्दा ८ प्रशितले छात्रहरू बढी सक्षम छन् ।

३.(क) भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली पहिलोभाषी विद्यार्थीहरूको शुभकामना लेखनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ७० देखि ७९ प्रतिशतसम्म २३ जना र नेपाली दोस्रोभाषी विद्यार्थीहरूतर्फ ७० देखि ७९ प्रतिशतसम्म २० जना विद्यार्थीहरू रहेका छन् । समग्रमा हेर्दा नेपाली दोस्रोभाषीको तुलनामा नेपाली पहिलोभाषी विद्यार्थीहरूको शुभकामना लेखन क्षमता ६ प्रतिशतले उच्च रहेको स्पष्ट देखिन्छ ।

(ख) भाषिक पृष्ठभूमिका आधारमा वैयक्तिक र सार्वजनिक शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा वैयक्तिक शुभकामना लेखनमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा २ प्रतिशतले दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा सक्षम छन् । सार्वजनिक शुभकामना लेखनमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा २० प्रतिशतले नेपाली दोस्रोभाषी विद्यार्थीहरू बढी सक्षम रहेको पाइयो ।

४.(क) विद्यालय प्रकृतिका आधारमा समग्र शुभकामना लेखनमा सामुदायिक विद्यालयतर्फ सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ७० देखि ७९ प्रतिशतसम्म २२ जना र संस्थागत

विद्यालयतर्फ २१ जना विद्यार्थीहरू रहेका छन् । समग्रमा हेर्दा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीरुको २ प्रतिशतले शुभकामना लेखन क्षमता उच्च रहेको देखिन्छ ।

(ख) विद्यालय प्रकृतिका आधारमा वैयक्तिक र सार्वजनिक शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा वैयक्तिक शुभकामना सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू ३४ प्रतिशतले बढी सक्षम छन् भने सार्वजनिक शुभकामना लेखन क्षमता संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू १२ प्रतिशतले बढी सक्षम रहेको देखिन्छ ।

(ग) विद्यालय प्रकृतिका आधारमा छात्र र छात्राको समग्र शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा सामुदायिक विद्यालयका छात्राको तुलनामा छात्रहरू २० प्रतिशतले बढी सक्षम देखिन्छ भने संस्थागत विद्यालयतर्फ छात्रहरूको तुलनामा छात्राहरूको १२ प्रतिशतले बढी सक्षम रहेको देखिन्छ ।

(घ) विद्यालय प्रकृतिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको समग्र शुभकामना लेखनको छुट्टाछुट्टै मध्यमान निकाली विश्लेषण गर्दा सामुदायिक विद्यालयका पहिलोभाषी नेपालीको र दोस्रोभाषी नेपाली विद्यार्थीहरूको शुभकामना लेखन क्षमता समान रहेको देखिन्छ । संस्थागत विद्यालयका नेपाली दोस्रोभाषीको तुलनामा नेपाली पहिलोभाषी १२ प्रतिशतले बढी सक्षम रहेको देखिन्छ ।

## ८.३ उपयोगिता

शुभकामना लेखन लेखन सिप विकासको महत्त्वपूर्ण कार्यकलाप हो । शुभकामना लेखन लेखनकलासँग सम्बन्धित सिप भएकाले यसले भाषिक सिपसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । भाषाका सिपहरू एक आपसमा अन्तर्सम्बन्धित हुन्छन् । सुनाइ र पढाइ सिप बोध पक्षसँग सम्बन्धित छन् भने बोलाइ र लेखाइ अभिव्यक्ति पक्षसँग सम्बन्धित छन् । शुभकामना लेखन शिक्षणले विद्यार्थीहरूमा लेखन सिप विकास गर्दछ । कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता शीर्षकमा गरिएको प्रस्तुत अध्ययन निम्नलिखित तहमा उपयोगी रहेको प्रस्ट पार्न सकिन्छ ।

### ८.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनका नीतिगत तहहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१. यस अध्ययनबाट कक्षा एघारको नेपाली भाषा पाठ्यपुस्तक, पाठ्यक्रम समय सापेक्ष परिष्कार र परिमार्जन गर्न सहयोग मिल्नेछ ।

२. मा.वि. को पाठ्यक्रममा समावेश गरिने शुभकामना ज्ञानसम्बन्धी अभिव्यक्तिपरक विधालाई सही स्थान र सङ्ख्यामा समावेश गर्न उपयोगी हुनेछ ।

३. प्रस्तुत शोधपत्र व्यावहारिक लेखन सिपसँग सम्बन्धित भएकाले यसको उपयोग गरेर व्यावहारिक लेखनसँग सम्बन्धित रहेर सम्बन्धित व्यक्ति तथा निकायलाई भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न उपयोगी हुनेछ ।

४. भाषा पाठ्यक्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पूरा हुने गरी पाठ्यवस्तु छनोट र स्तरण गर्न सहयोग पुऱ्याउनेछ ।

५. पाठ्यपुस्तक लेखन तथा सम्पादनमा विद्यार्थीहरूको चाहना, क्षमता जस्ता कुरामा विचार गर्दै सिर्जनात्मक अभ्यासहरू प्रशस्त समावेश गरी पाठ्यपुस्तकलाई प्रकाशनमा ल्याउने कुरामा उपयोगी रहेको छ ।

### ८.३.२ प्रयोगगत तह

१. प्रस्तुत अध्ययनले विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको मूल्याङ्कन गरी शिक्षणमा मद्दत पुऱ्याउने छ ।

२. यस अध्ययनबाट लेखन क्षमताका दृष्टिले पाठ्यपुस्तकको कठिनाइस्तर सुधार गर्न सहयोग गर्दछ ।

३. यस अध्ययनबाट विद्यार्थीहरूको शुभकामना लेखनसँग सम्बन्धित सरोकारवाला सबै पक्षहरूलाई आवश्यक सूचनाहरू प्रदान गर्न सहयोग पुग्ने छ ।

४. प्रस्तुत अध्ययनले शुभकामनाको स्वरूप, ढाँचा प्रस्तुत गरिएकाले शिक्षकलाई शुभकामना शिक्षण गर्न सहयोग पुऱ्याउने छ ।

५. प्रस्तुत अध्ययनले भविष्यमा गरिने लेखन क्षमतासँग सम्बन्धित अनुसन्धान गर्न सहयोग पुऱ्याउने छ ।

## ८.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. कक्षा एघारका विद्यार्थीहरूको शुभकामना लेखनमा भएका त्रुटिहरूको अध्ययन,

२. कक्षा एउघारको सबैको नेपाली पुस्तकको पाठ्यक्रमले समावेश गरेका व्यावहारिक लेखनसँग सम्बन्धित निमन्त्रणा, विज्ञापन, बधाई, समवेदना लेखन क्षमताको अध्ययन,

३. लेखाइ सिप विकासका सन्दर्भमा शुभकामना शिक्षणको प्रभावकारिताको अध्ययन,

४. शुभकामना लेखन शिक्षण गर्दा अपनाइने कार्यकलापमा अध्ययन ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँः विद्यार्थी प्रकाशन ।

आचार्य, व्रतराज (२०५८), *आधारभूत नेपाली व्याकरण तथा रचना,* ललितपुर : साझा प्रकाशन ।

खतिवडा, काशीराज (२०६४), *कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

गौतम, देवीप्रसाद, भण्डारी, पारसमणि र ओझा, रामनाथ (२०६९), *स्नातक नेपाली,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

घिमिरे, ईश्वर कुमार (२०७२), *स्नातक अनिवार्य नेपाली,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन प्रा. लि. ।

घिमिरे, माधवप्रसाद (२०७०), नेपाली भाषा शिक्षण, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

जोशी, वेदानन्द (२०६६), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

ढकाल, बुद्धराज (२०६६) *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

न्यौपाने, छविलाल (२०६८), *कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगमा गर्ने त्रुटिको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

निरौला, फणीन्द्रराज र निरौला, लेखप्रसाद (२०७३), *अनिवार्य नेपाली,* काठमाडौँ : निमा पुस्तक प्रकाशन ।

निरौला, दीपकबाबु (२०५९), *कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पन्त, भवानी सिंह (२०७२), *कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पोखरेल, देवीप्रसाद (२०७३), *बी.एड. प्रथम वर्षकाविद्यार्थीहरूको बधाइ लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर ।

पोखरेल, बालकृष्ण (सम्पा.) (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोख्रेल, सूर्य (२०७३), *अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०७३), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, गणेश र नेपाल, देवी (२०७०), *व्यावहारिक लेखन,* काठमाडौँ : ऐरावती प्रकाशन प्रा. लि. ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

सुवेदी, कृष्णप्रसाद (२०७३), *काठमाडौँ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

सुवेदी, केशव, पौड्याल, शालिकराम र तिवारी, प्रेमप्रसाद (२०७२), *अनिवार्य नेपाली,* काठमाडौँ : अस्मिता पुस्तक प्रकाशक तथा वितरक ।

शाही, विष्णुकुमारी (२०६८), *चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।